राष्ट्रिय साप्ताहिक
जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्चन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– १७, मङ्सिर ५ गते शुक्रबार, २०८२ (21 November, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# कांग्रेसमा चर्कंदै महाधिवेशन विवाद

## ४५ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर, दबावमूलक कार्यक्रमको तयारी

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** तत्कालै वा अलि पछि र नियमित वा विशेष महाधिवेशन भन्ने विषयमा नेपाली कांग्रेसभित्र चर्कंदै गएको विवाद गम्भीर एवम् निर्णायक अवस्थामा पुगेको छ।

संस्थापनइतर पक्षका महाधिवेशन प्रतिनिधिहरूले तत्काल विशेष महाधिवेशनको माग गर्दै कार्यबाहक सभापति पूर्णबहादुर खड्कालाई ध्यानाकर्षणपत्र बुझाउँदै केन्द्रीय कार्यालय घेराउ गर्नेजस्ता दबाबमूलक कार्यक्रम गर्ने भएका छन् ।



तत्काल विशेष महाधिवेशनको माग गर्दै कार्यबाहक सभापति खड्कालाई असोज २९ मा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर बुझाएका थिए । विशेष महाधिवेशन माग गरेका महाधिवेशन प्रतिनिधिहरूले नियमित महाधिवेशनको चर्चा समेत नगर्ने भन्दै विशेष महाधिवेशनको मिति घोषणाको माग गर्न दबाबमूलक कार्यक्रम गर्न लागेका हुन् । यथासिघ्र विशेष महाधिवेशनको माग गर्ने नेताहरूद्वारा अनामनगरमा आयोजित छलफलमा विभिन्न दबाबमूलक कार्यक्रम गर्ने निर्णय गरेका छन् । कार्यबाहक सभापति खड्कालाई भेटेर विशेष महाधिवेशनको मिति घोषणा गर्न माग गर्दै ध्यानाकर्षणपत्र बुझाउने तयारी रहेको नेता गुरुराज घिमिरेले जानकारी दिएका छन् ।

महाधिवेशन चुनावअघि गर्ने कि पछि भन्नेमा एकमत हुन नसक्दा कांग्रेसमा वारपारको स्थिति देखिएको हो । सिंगापुरमा उपचार गराएर फर्किएका सभापति शेरबहादुर देउवा पछिल्लो समय पार्टीभित्रको विवाद मिलाउन आफैं सक्रिय देखिएका छन् । संस्थापन पक्षका नेताहरू नियमित र विशेष दुवै महाधिवेशन रोक्ने अडानमा रहेका अर्कातर्फ महामन्त्री गगन थापा भने विशेष महाधिवेशनको तयारीमा जुटेका छन् । यसले कांग्रेसभित्र गम्भीर संकट

क्रमशः अन्तिम पृष्ठमा

# सचिवालय बैठकमा पोखरेलद्वारा अध्यक्षको उम्मेदावारी घोषणा

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) को महाधिवेशन तयारीबारे छलफलका लागि बिहीबार केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय सचिवालय बैठकमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आसन्न ११औं महाधिवेशनमा आफू अध्यक्षमा उम्मेदवारी दिने तयारीमा रहेको औपचारिक घोषणा गरेका छन् । सचिवालय बैठकलाई सम्बोधन गर्दै उनले वर्तमान अध्यक्ष केपी ओलीसहितका नेताहरूलाई आफूले अध्यक्षको उम्मेदवार बन्ने जानकारी गराएका हुन् । दुई कार्यकाल महासचिव र हाल वरिष्ठ उपाध्यक्ष रहेका पोखरेल ०३२ मा स्थापित कोअर्डिनेसन केन्द्रको संस्थापक सदस्य हुँदै झन्डै पाँच दशकदेखि लगातार केन्द्रीय कमिटीमा रहँदै आएका छन् ।

आगामी ११ औं महाधिवेशनमा आफू अध्यक्षको उम्मेदवार बन्ने घोषणा गरेको उनले अध्यक्ष ओलीले तेस्रो कार्यकाल पनि नेतृत्व लिँदा पार्टी कमजोर बन्ने जिकिर गर्दै औपचारिक रूपमा बिदा लिएर सर्वसम्मत अध्यक्ष बनाउने काममा सघाउन ध्यानाकर्षणसहित आग्रह गरे । 'अब म पार्टी चलाउँछु, तपाईं सहयोग गर्नुस्' भन्दै बैठकमा वरिष्ठ उपाध्यक्ष पोखरेलले अध्यक्ष ओलीको कार्यशैली, अभिव्यक्ति र व्यवहारले पार्टीलाई घाटा भइरहेको टिप्पणी गरे । अध्यक्ष ओलीलाई बिदा लिन सुझाव दिँदै उनले बिदा नभए ११ औं महाधिवेशनमा प्रतिस्पर्धा गर्ने अठोट व्यक्त गरेको पोखेललाई उदृत गर्दै एक पदाधिकारीले सुनाए । पोखरेलको भनाइलाई उपाध्यक्षहरू सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सचिवहरू योगेश भट्टराई र गोकर्ण विष्टले पनि समर्थन व्यक्त गरेका छन् ।

एमाले अध्यक्ष लिने सो योजनाबारे लामै पृष्ठभूमिसहित अध्यक्ष ओलीको असफलतामाथि प्रहार गरेका वरिष्ठ उपाध्यक्ष पोखरेललाई जवाफ दिँदै ओलीले अहिले राष्ट्र र पार्टीको आवश्यकताले गर्दा फेरि पनि अध्यक्ष बन्नुपर्ने अवस्था रहेको चर्चा गर्दै सर्वसम्मतिको अवस्था नबने स्वस्थ प्रतिस्पर्धालाई आफूले अन्यथा ढंगले नलिने बताए ।

पार्टीभित्र अध्यक्षमा प्रतिस्पर्धा हुँदा पराजित भएर पनि पार्टी बचाउन एकताबद्ध बनाएर अघि बढाउन आफूले मात्र योगदान गरेको दृष्टान्त प्रस्तुत गर्दै केही गरी नेतृत्वमा पराजित भएको अवस्थामा माधव नेपाल र भीम रावलले जस्तो पार्टीमै नरहने अवस्था नआओस् भन्दै सचेततापूर्वक स्वस्थ प्रतिस्पर्धामा भाग लिन समेत उनले निर्देशन दिए ।

उता, उपमहासचिव प्रदीप ज्ञवालीले बैठकमा कसैले पनि अध्यक्षको उम्मेदार बन्ने घोषणा नगरेको दावी गरे । उनले अध्यक्ष ओलीले महाधिवेशनको नेतृत्व सर्वसम्मत हुने अवस्था नभए विगतको विभाजनका घटनाबाट

क्रमशः अन्तिम पृष्ठमा

# 'प्रगतिवाद र कविता' मा डा. ताराकान्त पाण्डेय

**समय- सन्देश**

डा. गीता त्रिपाठी

"मैले अध्ययन-विश्लेषण र अर्को प्रकारले भन्दा समीक्षा र सौन्दर्य-चिन्तनका क्षेत्रमा प्रगतिवादी अर्थात् समाजवादी यथार्थवादी चिन्तन र समीक्षा पद्धतिलाई नै मूल आधार बनाउने गरेको छु र त्यसो गर्नुको कारण समाजवादी यथार्थवादी चिन्तन र समीक्षा-पद्धति नै सर्वथा वैज्ञानिक र युगसापेक्ष छ भन्ने कुरामा मेरो विश्वास छ" (प्रा.डा. ताराकान्त पाण्डेय, प्रगतिवाद र कविता, आमुख) ।

**विषय प्रवेश**

प्रा.डा. ताराकान्त पाण्डेय (२०१७-२०८१) नेपाली समालोचनामा मूलतः यथार्थवादको केन्द्रबाट गहिरिएर मार्क्सवादी चिन्तन र मान्यताका आधारमा कविताको प्रगतिवादी विश्लेषण गर्ने प्रसिद्ध समालोचक हुनुहुन्छ । 'प्रगतिवादी नेपाली कविता' शीर्षकमा विद्यावारिधि अनुसन्धान पूरा गर्नुभएका विशेषज्ञ पाण्डेयका कलासाहित्यः भूमिका र मूल्याङ्कन (२०५३), प्रगतिवाद र कविता (२०५६), देवकोटाको व्यङ्ग्य कवित्व (२०५७), समकालीन नेपाली कविताको संरचना (२०६५), अर्थभ्रान्तिको उत्तरचेतनाका विरुद्ध (२०६५), अर्थको आनन्द (२०६८), समय, सृजना र संवाद (२०६८), समकालीन कविताको संरचना (२०६९) लगायतका समालोचना कृतिहरू प्रकाशित छन् । शोधपरक र तार्किक सामर्थ्यबाट कृतिको गहन परख गर्ने उहाँका समालोचनामा वैचारिक सुस्पष्टता र वस्तुपरक

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- १७, मङ्सिर ५ गते शुक्रबार, २०८२

## सम्पादकीय

# कांग्रेस–एमाले ! तत्कालीन निकास छिटो देऊ

भदौ २३-२४ यता मुलुकमा डरलाग्दो असंवैधानिकता, अराजनीतिक अस्तव्यस्तता र अनिश्चयको स्थिति सिर्जना भएको छ। मुख्यतः कांग्रेस-एमाले गठबन्धन सरकारले लादेको कुशासन, नालायकीपन र अक्षमता तथा सोही बहानामा मुलुकलाई अस्तव्यस्त तुल्याउँदै क्रमशः ध्वस्त पार्न चाहने प्रतिगामी-अवसरवादी तत्त्वहरूले भड्काएको एजेन्डाविहीन आतंकका कारण यो स्थिति सिर्जना भएको हो।

मुलुक अग्रगामी रूपान्तरणतर्फ गतिवान् हुन सक्ने अवस्था तत्कालका लागि विद्यमान छैन। या त यथास्थितिवादी गोलचक्करमै केही समय गुजारेर बिस्तारै अग्रगमनतर्फ अघि बढ्ने नत्र प्रतिगामी अँध्यारो सुरुङतर्फ धकेलिने अवस्था मात्रै तत्कालका लागि विद्यमान छ। अतः राष्ट्र र नागरिक प्रतिगमन व्यहोर्न अभिशप्त हुनुभन्दा त केही अवधि यथास्थितिवादमै जकडिइरहनु नै तुलनात्मक रूपले हितकर अवस्था हो भन्ने यथार्थताप्रति कसैमा कुनै भ्रम रहनु हुँदैन।

यथास्थितिवादमा टेकेर मुलुकलाई कामचलाउ निकासतर्फ अस्थायी टेको दिन सक्ने राजनीतिक पक्षहरू भनेका कांग्रेस र एमाले नै हुन्। किनकि असंवैधानिक एवम् अनधिकृत रूपले विघटन गरिनुभन्दा अघिको प्रतिनिधिसभाका बहुमत शक्ति उनीहरू नै हुन्। आगोले पोलेको ठाउँमा तातोले सेकेर नै प्राथमिक उपचार गरी यथासम्भव छिटो आधुनिक उपचार पद्धति अँगालिएजस्तै कांग्रेस-एमालेमार्फत अस्थायी निकास दिएर यथासम्भव छिटो अग्रगमनकारी समाधान निकाल्नु मुलुकका निम्ति वर्तमानको अपरिहार्यता हो।

## प्रगतिवाद र कविता...

विश्लेषण पाइन्छ। प्रगतिवाद र कविता प्रकाशनका हिसाबले उहाँको दोस्रो समालोचना कृति हो।

प्रगतिवादी सिद्धान्तका आधारमा कविताको विश्लेषण गर्ने उपकरणहरू तयार पार्दै तिनको स्वरूप र वर्तमान समाजको मागअनुसारको सिर्जन प्रक्रियाको आवश्यकता र मूल्यबोध गरी तयार पारिएको यस कृतिमा प्रगतिवादी संचेतना नै आजको कविताको मूलस्वर हो भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ र यसलाई पुष्टि गर्नका निम्ति सैद्धान्तिक विधिमाथिको विस्तृत आयाम प्रस्तुत गरिएको छ। यस अध्ययनमा समालोचक पाण्डेयको प्रगतिवाद र कविता समालोचना कृतिभित्रका दुई खण्डहरू 'प्रगतिवादी साहित्य-सिद्धान्त' र 'कवितासम्बन्धी प्रगतिवादी मान्यता'भित्र समेटिएका विषय र दृष्टिकोणका बारेमा विश्लेषण गरिएको छ।

### प्रगतिवादी साहित्य-सिद्धान्त

प्रगतिवादी साहित्य सिद्धान्तको आधार मार्क्सवादी दर्शन रहेको छ। यसले समाजवादी मान्यताअन्तर्गत विभेदरहित मानव समाजको परिकल्पना गर्दछ। जीवनयापनका सामाजिक तथा आर्थिक उत्पादन प्रक्रियामा समान सहभागिता र समानताका निम्ति सचेत आवाज प्रतिध्वनित हुनुपर्ने अवधारणा राख्दछ। मार्क्सवादी दर्शनका प्रखर विश्लेषक डा.पाण्डेयले प्रगतिवादी साहित्य-सिद्धान्तअन्तर्गत प्रगतिवादको शाब्दिक अर्थ र विशिष्ट तात्पर्य स्पष्ट पारी यसको मूल दार्शनिक आधारको चर्चा गर्नुभएको छ। नेपाली साहित्यकोशले दिएको परिभाषा 'प्रगतिवाद मार्क्सवादी दर्शनको त्यस विशिष्ट विचारधारामा आधारित छ, जुन राजनीतिक क्षेत्रमा साम्यवाद, सामाजिक-आर्थिक क्षेत्रमा समाजवाद, दर्शनमा द्वन्द्वात्मक भौतिकवाद र साहित्यमा प्रगतिवाद नामले परिचित छ, त्यसैले मार्क्सवादी वा साम्यवादी अनुशासनअनुसार साहित्य रचना गर्नु प्रगतिवाद हो' लाई मनन गरी उहाँले प्रगतिवादभित्र हुने समाजवादी मान्यता र अनुशासनका विविध स्वरूपबाट साहित्य सिर्जनाको मार्ग सुझाउनुभएको छ। उहाँले मार्क्सवादको समाजवैज्ञानिक चिन्तनलाई साहित्य सिर्जनाको र समालोचनाको मुख्य आधार हुँदा त्यसको सामाजिक दायित्व प्रस्ट हुने अवधारणालाई जोड दिनुभएको छ। प्रगतिवादलाई सबल साहित्य सिद्धान्त भएको पुष्टि गर्नका निम्ति उहाँले विभिन्न विद्वान्हरूका यससम्बन्धी दृष्टिकोणलाई सघन अध्ययन गरी सार प्रस्तुत गर्नुभएको छ। डा.ऋषिराज बरालको अध्ययनमा उल्लेख गरिएको मार्क्सवादको मुख्य चिन्तन द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको सिद्धान्त नै प्रगतिवादी साहित्य सिद्धान्तको पनि मुख्य पक्ष हो भन्ने मान्यतालाई डा. पाण्डेयले उल्लेख गर्नुभएको छ। उहाँले साहित्यकोशकै परिभाषाका आधारमा प्रगतिशील र प्रगतिवाद शब्दले बुझाउने उन्नतिको चाहना राख्ने सन्दर्भमा भएको समानार्थकतालाई वैचारिक दृष्टिबाट हेर्नुभएको छ र मार्क्सवादी दर्शनको अनिवार्यता र स्वतन्त्रताका सवालमा आएर यी दुई शब्दबिच समानता नरहेको धारणा प्रस्तुत गर्नुभएको छ। यी केही महत्त्वपूर्ण दस्तावेजहरूलाई मन्थन गरी यस अध्ययनमा उहाँले प्रगतिवाद विशिष्ट र खास दर्शनसम्बद्ध साहित्यिक मान्यता वा सिद्धान्तका रूपमा स्थापित भइसकेको पुष्टि गर्नुभएको छ। यसरी आफूले अध्ययन गरेको विषयप्रति सैद्धान्तिक रूपमा स्पष्ट भएर नै समालोचक ताराकान्त पाण्डेय कविता विधामा प्रकट भएका प्रगतिवादी पक्षको निरूपण र मूल्याङ्कन गर्नुहुन्थ्यो भन्ने तथ्य प्राप्त भएको छ।

प्रगतिवादको दार्शनिक आधार भौतिकवादी दर्शनका रूपमा विकसित भएको मार्क्सवाद हो र मार्क्स र एङ्गेल्सले यस दर्शनको पृष्ठभूमिमा हेगेलको द्वन्द्ववाद तथा फायरबाखको भौतिकवादसम्बन्धी पूर्ववर्ती मान्यताबाट प्रभाव ग्रहण गरेको कुरा स्पष्ट पार्दै पाण्डेयले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक द्वन्द्ववादका विशेषताहरू उल्लेख गर्नुभएको छ। वस्तु र प्रकृतिलाई हेर्ने अधिभूतवादी अर्थात् मेटाफिजिकल दर्शनका विरोधमा दृश्यवस्तुको सत्तालाई नै प्रधान सत्ता र यो नै अन्तिम सत्य हो भन्ने मान्यता राख्ने द्वन्द्ववादी अर्थात् डायलेक्टिकल दर्शनको विकास भएको विषयलाई यहाँ विस्तृत रूपमा विश्लेषण गरिएको छ। प्रकृतिका हरेक तत्त्व प्रायः एकअर्कासँग अलग, असम्बद्ध, स्थिर र बनिबनाउ ठान्ने अधिभूतवादका विरुद्धमा द्वन्द्ववादको प्रकृतिका प्रत्येक वस्तुलाई कार्यकारण शृङ्खलामा आबद्ध देख्ने र तिनलाई सतत परिवर्तनशील ठान्दै प्रत्येक पुरानो वस्तु समाप्त हुने र नयाँले त्यसलाई विस्थापित गर्ने मान्यता प्रगतिवादको चिन्तनको चुरो भएको प्रामाणिक अध्ययन यस कृतिमा डा. पाण्डेयले प्रस्तुत गर्नुभएको छ। प्रकृति वा पदार्थका साथै सामाजिक व्यवस्था समेतमा विस्थापनको यो पद्धतिभित्र तीन नियमहरू रहेको कुरा उल्लेख गरिएको छ : (क) विपरीत तत्त्वबिच एकता, सङ्घर्ष र रूपान्तरण : यसमा कुनै पनि वस्तुभित्र दुई विपरीत तत्त्व रहेका हुन्छन् र तिनका बिच एक सीमासम्म एकत्व रहन्छ र सँगसँगै सङ्घर्ष वा द्वन्द्व पनि चलिरहेको हुन्छ। यसले विस्तारै परिवर्तनतिर डोऱ्याइरहेको हुन्छ। सुरुमा मात्रात्मक र पछि गुणात्मक परिवर्तनको प्रक्रियाले नै विस्थापनमा पुग्ने नियम बन्दछ भन्ने पहिलो मान्यता छ। (ख) मात्राको गुणमा परिवर्तन : गति र परिवर्तनसम्बन्धी यस दोस्रो नियममा परिवर्तनको प्रक्रिया क्रमशः घटित हुँदै जाने बताइएको छ। सुरुमा सङ्घर्षसँगै मात्रात्मक परिवर्तन हुँदै जाने र एक निश्चित विन्दुमा अर्थात् उत्कर्षमा पुगेपछि भने गुणात्मक परिवर्तन घटित हुने यस नियमको विशेषता रहेको छ। (ग) निषेधको निषेध : नयाँ आउने र पुराना विस्थापित हुने प्रकृतिलाई द्वन्द्ववादले निषेधको क्रमिकताका रूपमा स्विकारेको छ। यहाँ प्रत्येक नयाँ विस्तारै पुरानो हुँदै जान्छ, नयाँ आउने र पुरानाको अन्त्य हुने क्रम निरन्तर चलिरहन्छ। यसरी नयाँले पुरानोको निषेध गर्नु र त्यो नयाँ पनि अर्को नयाँद्वारा निषेधित हुनुलाई नै द्वन्द्वात्मक भौतिकवादमा निषेधको निषेध भनिएको छ। मार्क्सवादी दर्शनको यस विशिष्ट अध्ययनमा पाण्डेयले ऐतिहासिक भौतिकवादको सुस्पष्ट व्याख्या गर्नुभएको छ। परमसत्ताको रहस्यवादप्रति आस्थावान् मानव समाजलाई पदार्थको तथ्यपरक वैज्ञानिक स्वरूपसँग साक्षात्कार गराउनेसम्बन्धी मान्यता नै ऐतिहासिक भौतिकवाद हो र द्वन्द्वात्मक भौतिकवादले यस प्रक्रियालाई प्रयोगाात्मक बनाउँने हुँदै मार्क्सवादले अबलम्बन र व्याख्या गरेका यी दुई मूल सिद्धान्तहरू आपसमा सम्बद्ध र परिपूरक रहेका छन्।

विज्ञ अध्येता पाण्डेयले द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादका सन्दर्भमा समाजसित जोडिएको मार्क्सवादी दर्शनका सैद्धान्तिक अवधारणाहरूको विवेचना प्रस्तुत गर्नुभएको छ। उहाँले मार्क्सवादमा उल्लिखित मानवसमाजको इतिहासलाई क्रमशः (क) आदिम साम्यवादी युग, जहाँ समाज वर्गविहीन थियो (ख) दासस्वामी युग, जहाँ दास र स्वामीको कठोर मानवसम्बन्ध थियो (ग) सामन्तवादी युग (घ) पुँजीवादी युग र (ङ) समाजवादी युग गरी पाँच प्रकारका समाजैतिहासिक स्थितिको अध्ययन प्रस्तुत गर्नुभएको छ। मार्क्सवादले यी विविध सामाजिक संरचनाको अध्ययनमा द्वन्द्वात्मक भौतिकवादका उल्लिखित नियमहरूलाई आधार बनाएको छ। अबको साहित्य समाजवादका पक्षमा हुनुपर्ने र साहित्यमा वर्गीय समानताका निम्ति प्रतिरोधका आवाजहरू उठाइनुपर्ने आवश्यकतामाथि मार्क्सवादी साहित्य सिद्धान्तले जोड दिएको छ। प्रस्तुत कृतिमा मार्क्सवादका आधारभूत मान्यताका विषयमा महत्त्वपूर्ण संज्ञान दिएर डा. पाण्डेले प्रगतिवादका साहित्यिक मान्यताहरूको स्पष्ट अवधारणालाई व्यवस्थित र बुँदागत ढाँचामा अभिलेखन गर्नुभएको छ।

प्रगतिवादी चिन्तन परम्पराअन्तर्गत यस परम्पराको पृष्ठभूमि, आरम्भ : उठान र विकास गरी तीन चरणमा प्रस्तुत गर्दै डा. पाण्डेले मार्क्सवादको उदयअघिका यथार्थवादका क्रमिक विकासका अवधारणाहरूको प्रभाव ग्रहण गरी मार्क्सवादले निर्माण गरेको सशक्त वैज्ञानिक पद्धतिको चरणबद्ध इतिहासलाई समीक्षात्मक चर्चा गर्नुभएको छ। सत्रौँ शताब्दीबाट प्रकाशमा आएका यथार्थवादी मतलाई मार्क्सवादले पृष्ठभूमिका रूपमा लिएको डा.पाण्डेको धारणा रहेको छ। उहाँले बेलायतका दुई दार्शनिक फ्रासिन्स बेकन र जोन लक तथा फ्रान्सका दुई दार्शनिक रेने डेकार्ट र अगस्तन् कोम्तका दार्शनिक चिन्तनबाट यथाथवादले पर्याप्त सामग्री ग्रहण गरेको, यस सामग्रीले सत्रौँ शताब्दीमा यथार्थवादलाई अस्तित्वशाली बनाउनका निम्ति महत्त्वपूर्ण भूमिका दिनुका साथै चिन्तन र जीवनशैलीमा देखापरेका आदर्शवाद र इन्द्रिय बोधातीत सिद्धान्तका विरुद्ध पनि आलोचनात्मक विचारलाई पर्याप्त अगाडि बढाएको भन्ने शिवकुमार मिश्र (सन् १९७८) लाई उल्लेख गर्नुभएको छ। यस विमर्शमा उहाँले अठारौँ शताब्दीको यथार्थवादी चिन्तनले व्यक्तिलाई सामाजिक परिवेशसँग जोडेर नयाँ मोड ल्याउनुका साथै फ्रान्सेली राज्यक्रान्तिले सामन्तवादलाई ध्वस्त गरी पुँजीवादको स्थापना समेत गरेको, पुँजीवादले युगसंरचनामा परिवर्तन ल्याएको, नयाँ समाजमा प्रगतिशील विशेषताहरू उजागर भएका र पुँजीवादसँगै यसका नव असङ्गति र अन्तर्विरोधहरू पनि अगाडि ल्याएको बताउनुभएको छ। यसरी नै उहाँले राल्फ फक्स हुँदै उन्नाइसौँ शताब्दीका मार्क्स-एङ्गेल्समा आएर यथार्थवादी चिन्तनले समाजवादी दर्शनयुक्त साम्यवादी चरणमा प्रवेश गरेका विषयको उठान र सन्दर्भद्वारा पुष्टि गर्नुभएको छ। मार्क्स एङ्गेल्सले उन्नाइसौँ शताब्दीको उत्तरार्धमा द्वन्द्वात्मक भौतिकवादवादी दार्शनिक मान्यता तथा तिनकै कलासाहित्यसम्बन्धी चिन्तन समेतबाट अनुप्राणित हुँदै यथार्थवादको नव परिष्कृत रूपमा प्रगतिवादको जन्म भएको हो भन्ने मान्यतालाई स्पष्ट उठान गरिएको छ।

प्रगतिवादी साहित्यचिन्तनको आरम्भमा मार्क्स र एङ्गेल्सको मानक प्रयास रहेको छ। मार्क्सको राजनीतिक अर्थशास्त्रको आलोचनामा योगदान (अ कन्ट्रिब्युसन टु दि क्रिटिक अफ पोलिटिकल इकोनोमी) कृतिको प्रस्तावनालाई प्रगतिवादी अथवा मार्क्सवादी साहित्यचिन्तनको खास उठान वा प्रस्थानविन्दु मानिएको कुरा डा. पाण्डेको यस विश्लेषणमा उल्लेख छ। मूलतः मार्क्सले आर्थिक ढाँचालाई आधार र त्यसमाथि आधारित चेतनाका अन्य रूपहरूलाई बाह्य संरचना अथवा अधिरचनाको संज्ञा दिएका छन्। यही सिद्धान्तअनुसार मार्क्सले कलासाहित्य पनि समाजको आर्थिक उत्पादनको ढाँचा अथवा भौतिक धरातलबाटै उद्भव हुने र अस्तित्वशाली बन्ने कुरा बताएका छन्। उनले सामाजिक उत्पादनको ढाँचा वा आधारमा परिवर्तन आउँदा विचारधाराका अन्य रूपसँगै कलासाहित्यमा पनि परिवर्तन आउँछ भन्नेतिर सङ्केत गरेका छन्। वास्तवमा मार्क्सको यो भनाइमा युगीन चेतना रहेको छ। समाजको अर्थराजनीति एकातिर अनि साहित्य अर्कोतिर हिँड्यो भने त्यसको कुनै औचित्य रहँदैन पनि। प्रगतिवादले साहित्यको यही उत्तरदायित्वलाई मूल मान्यता बनाएको देखिन्छ। मार्क्सले आधार र अधिरचनाको परिवर्तन प्रक्रियामा आधारको परिवर्तनबाटै अधिरचनामा परिवर्तन आउने भए पनि कतिपय अवस्थामा आधारको परिवर्तन अधिरचनाबाट प्रभावित हुने अवस्था देखाएका छन् र कलासाहित्यले अधिरचनाको आधारलाई प्रभावित वा परिवर्तन नै गर्नसक्ने क्षमता राख्नेतिर सङ्केत गरेका छन्। आधार र अधिरचनासम्बन्धी सम्पूर्ण सन्दर्भहरूको विस्तृत अध्ययन डा. पाण्डेयले यस कृतिमा प्रस्तुत गर्नुभएको छ।

मार्क्स र एङ्गेल्सका प्रगतिवादी साहित्यचिन्तनको विकासमा परवर्ती चिन्तन परम्पराका मुख्यत दुई पक्ष राजनीतिक विचारकहरूको वर्ग र सौन्दर्यचिन्तक आलोचकहरूको वर्ग प्रस्तुत गरिएको छ। राजनीतिक विचारकहरूको वर्गमा मार्क्स-एङ्गेल्सपछि लेनिनको महत्त्वपर्ण उपस्थिति रहेको छ। उनले खास गरी क्रान्ति र सामाजिक परिवर्तनका प्रक्रियामो कला-साहित्यको भूमिकालाई अत्यन्त महत्त्वका साथ लिँदै त्यस भूमिकालाई प्रगतिवादी साहित्यको मूल प्रतिमान र चरित्रकै रूपमा व्याख्या गरेका कुरालाई कलासाहित्यलाई क्रान्तिको पेच र किलाका रूपमा हेरिने बारे प्रगतिवाद

क्रमशः चौथो पृष्ठमा

## प्रधानमन्त्री कार्की र नेकपा महासचिव विप्लवबीच भेटवार्ता

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले प्रधानमन्त्री सुशीला कार्कीसँग भेटवार्ता गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा भएको हालै भएको सो भेटवार्तामा उक्त पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्माको समेत उपस्थिति रहेको थियो ।

प्रधानमन्त्री कार्कीको सचिवालयका अनुसार भेटवार्तामा देशको समसामयिक राजनीतिक परिस्थिति र आगामी निकासका विषयमा छलफल भएको हो । त्यस क्रममा महासचिव विप्लवले वर्तमान सरकारलाई आफूहरूको पूर्ण साथ र समर्थन रहेको बताएको पनि सचिवालयले दावी गरेको छ । 'विद्रोहको बलमा बनेको यो सरकारलाई हाम्रो पूरा साथ छ' सचिवालयले विप्लवको भनाइ उदृत गर्दै भनेको छ । विप्लवले अहिलेको राजनीतिक परिस्थितिको सुरक्षित निकासका लागि राजनीतिक दलहरूबीचको समझदारीलाई अझ फराकिलो र बृहत बनाउँदै लैजान सुझाव दिएका थिए ।

'जेन-जी'ले उठाएका मागलाई सम्बोधन गर्नुपर्नेमा जोड दिएको उल्लेख गरिएको छ । 'अहिलेको अवस्थाको सुरक्षित निकासका लागि राजनीतिक समझदारीलाई अझै बृहत बनाउँदै लैजाऔं' विप्लवको भनाइ उदृत गर्दै प्रम सचिवालयले भनेको छ 'जेन-जीले आन्दोलनका क्रममा उठाएका जायज मागहरू पूरा गरौं ।'

## नेपाली कम्युनिस्ट पार्टीले देशव्यापी एकता सन्देशसभा गर्ने

**काठमाडौं ।** नव गठित नेपाली कम्युनिस्ट पार्टीले एक प्रेस नोट जारी गर्दै देशव्यापी पार्टी एकता सन्देश सभा गर्ने भएको छ । यही मंसिर १२ देखि २३ गतेसम्म प्रदेश, जिल्ला र स्थानीय तहमा सभा गर्न लागेको त्यही नोटमा उल्लेख गरिएको छ ।

त्यही क्रममा मंसिर १२ गते सुदूरपश्चिमको धनगढी, १३ गते लुम्बिनीको दाङ (देउखुरी), १४ मा गण्डकीको पोखरा र १५ गते प्रदेश नं. १ को विराटनगर तथा १७ गते उपत्यकायस क्रममा मङ्सिर १२ मा सुदूरपश्चिमको धनगढी, १३ मा लुम्बिनीको दाङ (देउखुरी), १४ मा गण्डकीको पोखरा, १५ मा प्रदेश नं १ को विराटनगर, १७ मा उपत्यका विशेष प्रदेशको काठमाडौंमा एकता सन्देश दिने सभा गर्ने भएको छ । सोही प्रेस नोट अनुसार मंसिर १८ गते कर्णालीको सुर्खेत, १९ गते संघीय सम्पर्क समन्वय प्रदेशको काठमाडौं, २० गते मधेस प्रदेशको जनकपुर, २१ गते प्रवास समितिको भर्चुअल र २३ गते बागमतीको हेटौंडामा सभा गर्न लागिएको जानकारी दिइएको छ ।

मंसिर २६ गतेसम्म सबै जिल्ला तथा २९ गते ७ सय ५३ वटै स्थानीय तहमा एकता सन्देशसभा आयोजना गर्ने निर्णय भएको संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपालद्वारा जारी सोमबार जारी प्रेस नोटमा उल्लेख गरिएको छ ।

## कानुन हातमा लिने छुट कसैलाई छैन : प्रधानमन्त्री कार्की

**काठमाडौं ।** प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो सामाजिक सञ्जाल 'फेसबुक'मा बाराको सिमरामा देखिएको तनावतर्फ औंल्याउँदै राजनीतिक उत्तेजनाबाट टाढा रहन र लोकतान्त्रिक प्रक्रियामा विश्वास राख्न हार्दिक अपिल गरेकी छन् ।

प्रधानमन्त्री कार्कीले फेसबुकमा सिमरामा देखिएको तनाव अत्यन्तै दुःखद भएको उल्लेख गर्दै त्यस्तो अपिल गरेकी हुन् । 'लोकतान्त्रिक प्रणालीको माध्यमबाट मात्रै युवाहरूको वास्तविक अपेक्षा पूरा गर्न सकिन्छ । त्यसैले म सबै पक्षलाई अवाञ्छित राजनीतिक उत्तेजनाबाट टाढा रहन र लोकतान्त्रिक प्रक्रियामा विश्वास राख्न हार्दिक अपिल गर्दछु' उनको फेसबुकमा उल्लेख गरिएको छ ।

गृहप्रशासन र सुरक्षा निकायलाई शान्ति तथा सुव्यवस्था कायम गर्न र सबै राजनीतिक दलका नेताहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न र निर्वाचनको निष्पक्ष तथा भयमुक्त वातावरण बनाउन उच्चसंयम र पूर्ण तयारीका साथ काम गर्न समेत उनको निर्देशन थियो । 'म स्पष्ट पार्न चाहन्छु कि यस किसिमको अराजकता लोकतन्त्रमा कदापि स्वीकार्य छैन, युवाहरूको आक्रोश र राजनीतिक असन्तुष्टिलाई हामीले गम्भीरतापूर्वक लिएका छौं' उनको भनाइ थियो 'अभिव्यक्ति स्वतन्त्रताको सम्मान हाम्रो प्रतिबद्धता हो, तर यसको अर्थ सार्वजनिक सम्पत्तिको क्षति, विमानस्थलमा अवरोध वा कानुन हातमा लिने छुट होइन ।'

बारामा 'जेन-जी' युवा र एमालेका नेता-कार्यकर्ताबीच झडप हुँदा कर्फ्यू नै लगाउनुपर्ने अवस्था सिर्जना भएको घटनाप्रति लक्षित गर्दै प्रधानमन्त्री कार्कीले घटनालाई थप हिंसात्मक हुन नदिन सचेत गराउँदै सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने गतिविधि कुनै पनि अवस्थामा छुट नहुने चेतावनी दिएकी हुन् ।

## निर्वाचनमा सेना परिचालन गर्न मन्त्रिपरिषदमा सिफारिस

**काठमाडौं ।** आगामी फागुन २१ मा लागि तोकिएको प्रतिनिधिसचा सदस्यको निर्वाचनमा नेपाली सेना परिचालन गर्न मन्त्रिपरिषदसमक्ष सिफारिस गरिएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा बसेको राष्ट्रिय सुरक्षा परिषदको बैठकले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम नेपाली सेना परिचालन गर्न नेपाल सरकार, मन्त्रिपरिषदसमक्ष सिफारिस गर्ने निर्णय गरिएको रक्षा मन्त्रालयका सचिव एवं राष्ट्रिय सुरक्षा परिषदका सदस्य सचिव सुमनराज अर्यालले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

राष्ट्रिय सुरक्षामा आउनसक्ने विविध चुनौतीहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा देखापरेका पछिल्ला घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्नसक्ने प्रभाव तथा चुनौती र अपनाउनुपर्ने भावी रणनीतिका सम्बन्धमा समेत बैठकमा छलफल भएको थियो ।

सोही बैठकमा राष्ट्रिय सुरक्षा परिषदको आठौं वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को मस्यौदामाथि छलफल हुनुका साथै आवश्यक संशोधनसहित स्वीकृति गरी नेपालको संविधानको धारा २६६ को उपधारा (३) बमोजिम राष्ट्रपतिसमक्ष पेस गने निर्णय भएको जानकारी दिइएको छ ।

## एमाले महाधिवेशन तयारी : विभिन्न समिति गठन

**ललितपुर ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) को ६०औं सचिवालय बैठकले ११औं राष्ट्रिय महाधिवेशन गराउन निम्ति विभिन्न समिति गर्दै बिहीबार सम्पन्न भएको छ । ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा बिहीबार बसेको सो बैठकले महाधिवेशन सम्पन्न गर्न विभिन्न समिति गठन गरेको हो ।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले महाधिवेशन सम्पन्न गराउन बैठकले महासचिव शंकर पोखरेल संयोजक, उपमहासचिव पृथ्वीसुब्बा गुरुङ सचिव र सचिव योगेश भट्टराई सदस्य रहेको सचिवालय गठन गरेको जानकारी दिए । सचिवालय बैठकले उपमहासचिव प्रदीप ज्ञवाली संयोजक र बागमती प्रदेश इन्चार्ज राजन भट्टराई सचिव रहेको जनपरिचालन कमिटी, केन्द्रीय संगठन विभाग प्रमुख काशीनाथ अधिकारीको संयोजकत्व र विभागका सचिव माधव ढुंगेल सचिव रहेको प्रतिनिधि व्यवस्थापन समिति गठन गरिएको समेत उनले जानकारी दिए ।

सोही बैठकले संयोजक सचिव छविलाल विश्वकर्मा र सचिव स्थायी कमिटी सदस्य लालबाबु पण्डित रहेको आवास व्यवस्थापन समिति तथा सचिव लेखराज भट्ट संयोजक र सचिवमा डा. भिष्म अधिकारी रहेको खाद्य व्यवस्थापन समिति गठन गरेको छ । बैठकले यातायात व्यवस्थान समितिको संयोजक सचिव गोकर्ण विष्ट र सचिव रचना खड्का, अतिथि सत्कार समितिको संयोजकमा सचिव रघुविर महासेठ र सचिव महेश बर्तौला, संयोजक सचिव पद्मा अर्याल र सचिव राजेन्द्र गौतम रहेको प्रचार समिति गठन गरेको छ ।

बैठकले स्वयंसेवक परिचालन समितिको संयोजकमा भानुभक्त ढकाल र सचिव विनोद पाण्डे, मन्च व्यवस्थापन समितिको संयोजकमा विनोद श्रेष्ठ र सचिव लोकवहादुर भण्डारी, स्वास्थ्य समितिको संयोजकमा कृष्णगोपाल श्रेष्ठ र सचिव राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ, आर्थिक समितिको संयोजकमा उपमहासचिव विष्णु रिमाल र सचिवमा विना श्रेष्ठ, निर्वाचनका आयोगका अध्यक्ष डा विजय सुब्बा संयोजक रहेको निर्वाचन संयोजन समिति गठन गर्ने निर्णय गरेको छ । एमाले बिहीबार सम्पन्न सचिवालय बैठकले महाधिवेशनका लागि चयन हुने प्रतिनिधिको मापदण्ड हेरफेर समेत गरेको छ । उपमहासचिव ज्ञवालीले प्रवासी नेपाली मञ्च भारत र प्रवासी नेपाली अन्तर्राष्ट्रिय मञ्चबाट दुई/दुई महिला थप गरेर पाँच/पाँच प्रतिनिधि आउने व्यवस्था गरेको जानकारी दिए । उपत्यका विशेष कमिटीबाट एक जना युवा प्रतिनिधित्व गराउने निर्णय गरेको छ ।

सो सचिवालय बैठकले घर फर्क अभियानअन्तर्गत एमालेमा प्रवेश गरेका नेतालाई प्रतिनिधि बनाउने निर्णय गरेको जानकारी दिँदै उपमहासचिव ज्ञवालीले सरकार निर्वाचनको वातावरण बनाउन नलागेको उल्लेख गरे । बाराको सिमारामा भएको घटनाप्रति आफ्नो पार्टीको ध्यानाकर्षण भएको धारणा व्यक्त गर्दै बैठकले रराजनीतिक दललाई गतिविधि गर्न नदिने, कार्यक्रम आयोजना गर्न खोजेको स्थानको अनुमति नदिने र नेताहरूलाई निर्वाद ढंगले घुमफिर गर्न नदिनेजस्ता सरकारका क्रियाकपालले निर्वाचन गर्ने गराउने नभई दललाई निषेध गर्ने कार्यमा लागेको स्पष्ट भएको निष्कर्ष निकालेको छ । एमाले सचिवालय बैठकले यही मंसिर २७ देखि २९ गतेसम्म काठमाडौंमा ११औं महाधिवेशन गर्ने निर्णय पनि गरेको छ ।

## सबै पुस्ता समेट्नु कम्युनिस्ट एकताको प्रमुख एजेन्डा : खनाल

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले देशभर वामपन्थी पार्टीको एकता प्रक्रिया प्रारम्भ भएको सन्देश प्रवाह गर्न सबै प्रदेशमा सन्देशसभा सञ्चालन गरिने बताएका छन् । कोटेश्वरस्थित पार्टी कार्यालयमा बसेको पूर्वपदाधिकारीहरूको छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै नेता खनालले आगामी मंसिर महिनाभित्र सातै प्रदेशमा एकतासभा गरिने जानकारी दिए ।

पार्टीको संगठन सुदृढ बनाउन युवा सहभागितालाई जोड दिँदै नेता खनालले सबै पुस्ताको भावनालाई समेट्न र कम्युनिस्ट एकतालाई पार्टीको प्रमुख 'एजेन्डा' बनाइने विचार व्यक्त गरेका हुन् । मुलुकमा सुशासन कायम गरी जनताको आर्थिक प्रगतिका लागि कम्युनिस्ट एकता अपरिहार्य रहेको धारणा व्यक्त गरे ।

नेपाली विशेषताको समाजवादी व्यवस्था कार्यान्वयनका लागि आमजनतालाई संगठित गर्दै पूर्वप्रधानमन्त्री खनालले समाजवादको बाटोतर्फ लैजानुपर्नेमा जोड दिए ।

## 'विकासको असन्तुलन हटाउन संघीयताले धेरै काम गरेको छ'

**ललितपुर ।** 'संघीय लोकतान्त्रिक गणतन्त्रः चुनौती र अवसरहरू' विषयेक अन्तरसंवादमा धारणा राख्दै मुख्यमन्त्री एवं पूर्वमुख्यमन्त्रीहरूले संघीयताले विकासको असन्तुलनलाई हटाउन धेरै काम गरेको बताए ।

प्रदेश सुशासन केन्द्र, बाग्मती प्रदेशले फेडरलिज्म तथा लोकलाइजेसन सेन्टरसँगको सहकार्यमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलमा आयोजना गरेका उक्त अन्तरसंवाद कार्यक्रमलाई सम्बोधन गर्दै बाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले गणतन्त्रभित्र सबैको सोच अट्छ भन्दै संघीयताको सवलीकरणमा धेरै कुरा आवश्यक रहेको उल्लेख गरे । 'कुनै पनि व्यवस्था रहनु मात्रै चुनौती नहुनु हैन, व्यवस्थाको मर्मअनुसार काम नहुनु पनि चुनौती हो' उनको भनाइ थियो 'चुस्तदुरुस्त शासकीय र प्रशासकीय संरचनासहितको प्रदेशले आमनागरिकको भावना समेट्ने गरी काम गर्छ, लोकतन्त्रमा पात्र र प्रवृत्ति परिवर्तन हुन्छ, यो सुन्दर पक्ष हो ।'

मुख्यमन्त्री बानियाँले बाग्मती प्रदेश सरकार बन्ने बित्तिकै गरिबमुखी र जनमुखीलगायत ६ वटा कुरालाई ध्यान दिएर काम अगाडि बढाएका दावी गरे । 'राजनीति समाजसेवा हो, यो व्यापार हैन, राजनीतिमा न्याय र अन्य हुन्छ, सबैलाई न्याय गर्ने हाम्रो लक्ष्य हो सुशासन कायम गर्न कसरी सकिन्छ भनेर हामी जिम्मेवार सरकारका लागि काम गर्छौं' उनले भने 'पात्र सही भयो र ठूलो हृदय भएको मान्छे नेतृत्वमा भयो भने व्यवस्थाभित्र पात्र र प्रवृति परिवर्तन गर्न सकिन्छ ।'

संघीयता भनेको मानवता र सभ्यतासँग जोड्नु पर्छ भनेर संघीयतामा प्रदेशको नामाकरण भएको होला, नमिलेको कुराहरूमा सुधार गर्न सकिने उनले बताए । मधेस प्रदेशका पूर्वमुख्यमन्त्री पूर्वमुख्यमन्त्री लालबाबु राउतले संघीयताको प्रभावकारी यसको कार्यान्वयनमा रहने बताए । संघीयताको कार्यान्वयनमा शीर्ष नेताहरू बेइमानी रहेको बताउँदै उनीहरूको बोली र व्यवहारमा फरक परेको आरोप समेत लगाए । पूर्वमुख्यमन्त्री राउतले संघीय सरकारले संघीयताको मर्मअनुरूप जिम्मेवारी हस्तान्तरण नगरेर प्रहरी परिचालनको अधिकार प्रदेशलाई नदिएको आरोप लगाए ।

नवयुवा पुस्ता आन्दोलनका नायक भएको भदौ २३ गतेको प्रदर्शनमा सरकारी पक्षबाट गलत भएको धारणा व्यक्त गर्दै बाग्मती प्रदेशका पूर्वमुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले प्रदर्शनमा घुसपैठ भएर देशलाई सिध्याउने सोचबाट परिचालन भएको बताइन् । उनले मधेस प्रदेशमा मुख्यमन्त्रीको शपथ प्रकरणमा पार्टीबाट भएको कार्य गलत भएको भन्दै यस्तो कार्य संघीयताको मर्म विपरीत रहेको बताए । देशको कानुन व्यवस्था परिवर्तनको जरुरी छ भन्दै शाक्यले युग परिवर्तन भइसकेको वर्तमान समयमा व्यवस्थामा भएर कमजोरीका आधारमा गलत क्रियाकलाप गर्ने नेताहरूलाई परिवर्तन गरेर काम गर्न जरुरी रहेको बताइन् ।

कार्यक्रममा कोशी पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राईले ठूलो बलिदानपछि आएको संघीयतालाई कमजोर बनाइएको चर्चा गर्दै संघीयतालाई नाम मात्रको बनाइएको आरोप लगाइन् । संघले प्रदेशलाई भिखारी जस्तो बनाएर राखेको भन्दै राईले संघीय मन्त्रालयको बजेटभन्दा प्रदेशको बजेट कम रहेको जानकारी गराए । संघीयताको मर्मअनुरूप विकास र काम भए पनि जनताको अपेक्षाअनुरूप काम हुन नसकेकाले जनतामा निराशा रहेको बताए । बाग्मती प्रदेशका पूर्वमुख्यमन्त्री शालिकराम जम्मकट्टेलले 'जेन-जी' पुस्ताले उठाएको मागमा हामी शतप्रतिशत सहमत रहेको बताउँदै पार्टीभित्र इमान्दार र राम्रा व्यक्तिहरू समेत रहेको बताए । उनले सबैलाई अपराधी र भ्रष्टाचारको आरोप मात्रै लगाएर नहुने समेत बताए ।

गैरसरकारी संस्थाबाट गलत क्रियाकलापमा भएका लगानीको विषयमा पनि प्रश्न उठेको उल्लेख गर्दै उनले 'जेन-जी' पुस्ताको मागमा कुनै विमति छैन भन्दै विकास निर्माणका विषयमा प्रदेशले केही काम गरेको जानकारी गराए । उनले आन्दोलनको माग पूरा गर्न भ्रष्टाचारलाई अन्त्य गर्न ध्यान दिनुपर्नेमा जोड दिए । लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले स्थानीय स्तरमा भएको स्रोत र साधनको उपयोग गर्दै संस्कृतिको संरक्षण गरेर पर्यटनको प्रवर्द्धन गर्दै संघीयताको संरक्षणमा ध्यान दिनुपर्नेमा जोड दिए । उनले ११ महिना मुख्यमन्त्री हुँदा १७ पटक प्रधानमन्त्रीलाई प्रदेशका हक-अधिकारका विषयमा झक्झक्याएका थियौं भन्ने जानकारी गराए । पूर्वमुख्यमन्त्री चौधरीले सडक बनाउने मात्रै प्रदेश सरकारको उपलब्धि हैन भन्दै नागरिकको हक-अधिकारका विषयमा पनि ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुति गर्दै पूर्वसांसद डा खिमलाल देवकोटाले विसं २००७ देखि 'जेन-जी' आन्दोलनसम्मका महत्त्वपूर्ण राजनीतिक घटनाक्रमहरूको भिडियोको अंश प्रस्तुतीकरण गरेका थिए । उनले २००७ सालमा राजा त्रिभुवनले सम्बोधन गर्दा संविधान नागरिकको इच्छाअनुसार निर्वाचित वैधानिक सभाले गर्ने विषय उल्लेख गर्दै नागरिकको संविधान लेखनको चाहना २००७ सालदेखिकै भएको उल्लेख गरे । नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीका पुराना डाक्टर देवकोटाले अहिलेसम्म भएका आमनिर्वाचनहरूको संक्षिप्त विवरण समेत प्रसतुत गर्दै माओवादी र मधेस आन्दोलनलाई शान्तिपूर्ण तरिकाले कसरी अवतरण गरियो, २०६२/६३ को आन्दोलनदेखि ०७२ सम्मको विविध राजनीतिक घटनाक्रमहरूलाई विस्तृतमा प्रस्तुत गरेका थिए ।

## प्रसाईंलाई अदालत उपस्थित गराउन आदेश

**काठमाडौं ।** सर्वोच्च अदालतले व्यवसायी दुर्गा प्रसाईंलाई २४ घण्टाभित्र बन्दीसहित अदालतमा उपस्थित गराउन आदेश गरेको छ । न्यायाधीश मेघराज पोखरेलको इजलासले बिहीबार मेडिकल व्यवसायी प्रसाईंलाई थुन्नुको आधार र कारणसहित अदालतमा उपस्थित गराउन भनेको हो ।

'आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक २४ घण्टाभित्र बन्दीसहित उपस्थित गराउनु' आदेशमा उल्लेख गरिएको छ 'महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरूको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु ।'

बुबालाई गैरकानुनी थुनामा राखिएको उल्लेख गर्दै प्रसाईंका छोरा निराजन प्रसाईंले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दायर गरेका थिए । उनलाई सार्वजनिक शान्तिमा खलल पुऱ्याउने गरी अभिव्यक्ति दिएको आरोपमा प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा राखेको छ ।

## प्रगतिवाद र कविता...

र कवितामा पाण्डेयले विश्लेषण गर्नुभएको छ। प्रगतिवादी साहित्य सिद्धान्तका विस्तारक र व्याख्याता लेनिन नै हुन् र उनले पार्टी सङ्गठन र पार्टी साहित्य शीर्षकको रचना नै प्रस्तुत गरेका छन्। लेनिनले प्रतिबद्धता शब्दलाई परिभाषित र सान्दर्भिक विश्लेषण गर्ने क्रममा कलासाहित्यको मूल्यप्रति आग्रह नराखी यसलाई सर्वहारम वर्गको हितमा लगाउनेबारे सोचेको कुरामा सहमत हुँदै पाण्डेयले जनन्यायका पक्षमा महत्त्वपूर्ण समर्थन प्रस्तुत गरेका छन्। यसपछि माओको वैचारिक र कलामान्यताको चर्चा गर्दै माओले विषय र रूप अर्थात् कथ्य र कला दुवैको आवश्यकता रहने महत्वपूर्ण प्रवचनलाई साक्ष्यका रूपमा उल्लेख गर्दै प्रगतिवादी साहित्य सिद्धान्तको स्वरूप स्पष्ट हुँदै गएको दृष्टान्त डा. पाण्डेयले यस अध्ययनमा प्रस्तुत गर्नुभएको छ। त्यति मात्र होइन, सौन्दर्यचिन्तकसँगै लुना चार्स्की, म्याक्सि गोर्की हुँदै क्रिस्टोफर कडवेल, राल्फ फक्स, हावर्ड फास्ट, जर्ज थमसन, जर्ज जुकाच, अर्न्स्ट फिसर हुँदै चिनका लु सुन, चाउ याङ, यावो वेन युवान, भारतका रामविलास शर्मा, नामवर सिंह, मैनेजर पाण्डेय, शिवकुमार मिश्र, नम्वुदरी पाद तथा नेपालका श्यामप्रसाद शर्मा, गोविन्द लोहनी, गोविन्द भट्ट, चैतन्य जस्ता अग्रज तथा केही नयाँ पुस्ताका चिन्तकले प्रगतिवादी साहित्यको अवधारणालाई अघि बढाएका बारे पाण्डेयले महत्त्वपूर्ण विमर्श प्रस्तुत गर्नुभएको छ।

**प्रगतिवाद र कविता**

प्रगतिवाद र कविता कृतिको पहिलो खण्डमा यसरी यथार्थवादका विविध रूप र प्रगतिवादको व्याख्या हुँदै समाजवादी यथार्थवादसम्म आएर यही नै यथार्थवादी कला आन्दोलनको विकासक्रममा नव्यतम शिखरका रूपमा प्राप्त हुनपुगेको र हाल प्रगतिवादको पर्यायवाची रूपमा उल्लेख भएको निष्कर्षमा पुगिएको छ। डा. पाण्डेयले यथार्थवाद र आलोचनात्मक यथार्थवादका सम्पूर्ण सबल-सकारात्मक पक्षहरूलाई समाहित गरी प्रगतिवादी साहित्य सिद्धान्त तयार भएको निचोड प्रस्तुत गर्नुभएको छ। यसपछि कलासाहित्यको उद्भवबारेको प्रगतिवादी दृष्किोण, कलासाहित्यको प्रयोजन र वर्गीय पक्षधरताको प्रश्न, अन्तर्वस्तु र रूपको स्थान र द्वन्द्वात्मक सम्बन्धबारे प्रगतिवादी दृष्टिकोण दिँदै यसबाट साहित्यिक मूल्यको मानदण्डका मूल आधारहरू तय गर्दै पहिलो भागको बुँदागत निष्कर्ष प्रस्तुत गरिएको छ। यो भाग निश्चय पनि समालोचक प्रा.डा.ताराकान्त पाण्डेयको प्रगतिवादी अवधारणाप्रति स्पष्ट भएर लाग्नका निम्ति खोस्रिएको चट्टानी जमिनबाट निकालिएको स्वच्छ पानीजस्तो आस्वादनले भरिएको छ।

प्रगतिवाद र कविता कृतिभित्रको भाग दुई खण्डमा 'कवितासम्बन्धी प्रगतिवादी मान्यता' शीर्षकमा अनुसन्धानात्मक दृष्टिकोण निर्माण गरिएको छ। यसमा कविताको पूर्वस्थापित विधासिद्धान्तलाई स्विकार्दै प्रगतिवादी कवितामा हुनुपर्ने जनसाहित्यिक ढाँचा, यसको अन्तर्वस्तु तथा संरचनासँग त्यसको प्रयोजन, कविताको उद्देश्य र प्रयोजन, कविताको यथार्थवादी प्रकृतिजस्ता विविध विशिष्ट सन्दर्भहरूलाई अघि बढाएको देखिन्छ। कविताको उद्भवबारे पहिलो भागमा विशद चर्चा गरिएका प्रगतिवादी मान्यतालाई नै आधार मानेर डा. पाण्डेयले कविताको जन्म मानव सभ्यताको आदिम युगमा आदिम जातिका समुदायमा भएको, आदिम कविता आजको जस्तो विशुद्ध कविता नभएको र सम्पूर्ण वाङ्मयसँग सम्बद्ध र मिश्रित स्वरूपको भएको तथा कविता आरम्भमै पूर्णतया काव्यात्मक अर्थात् लयबद्ध र छन्दोबद्ध थियो भन्ने भनाइलाई आलोचनात्मक विश्लेषण गरिएको छ। यसैगरी कविताभित्रको नृत्य र सङ्गीतलाई श्रमशील जीवनको लयसँग अनुबद्ध गरी तर्क प्रस्तुत गरिएको छ। यहाँ कडवेल र थमसनको सामूहिक क्रियाकलाप प्रयुक्त हुने ओजपूर्ण भाषालाई कविता भनिएको मान्यतामा टेकेर श्रम र समाजमा कविताको स्वरूपबारे धारणा प्रस्तुत गरिएको छ। यसमा कविताको सार्वभौम प्रकृतिअन्तर्गत भाषिक प्रकृति र लयात्मक प्रकृतिबारे छलफल गरिएको छ। कलासहितको जनताका निम्ति बोधगम्य सरल प्रस्तुतिमा विषय र लयमा साङ्गीतिकतामा यी दुवै प्रगतिवादी कविताका अपरिहार्य तत्त्व भएको उल्लेख यस अध्ययनमा गरिएको छ। प्रगतिवादको सन्दर्भमा कविताको संरचनात्मक प्रकृतिबारे पनि यस दोस्रो भागमा गहन चर्चा गरिएको छ। प्रगतिवादले कवितालाई संरचनाबाट कृतिमा र कृतिबाट समाजको सम्बद्धतामा हेर्ने हुँदा बाह्य सामाजिक जीवनबाट पृथक् राखेर कविताको संरचना र समग्र कवितामूल्यको आकलन सम्भव नहुने प्रगतिवादी मान्यता यहाँ उल्लेख गरिएको छ। कविताको स्थूल संरचना र बनोटका विषयमा पनि यस भागमा प्रगतिवादी चिन्तन गरिएको छ। यहाँ कविताका आख्यानात्मक, नाटकीय र प्रगीतात्मक संरचनागत विभाजनलाई नै आधार मानिएको उल्लेख छ। यसरी नै कविताको सूक्ष्म संरचना वा बुनोटका विषयमा पनि यस भागमा चर्चा गरिएको छ। यसमा कथनपद्धति, बिम्बविधान तथा अलङ्कार योजना, प्रतीक र व्यञ्जनाका आधारलाई समावेश गरिएको छ। आवेगात्मक अन्तर्वस्तु र वर्गीय समाजको उद्देश्यका कसीमा प्रगतिवादी कविताको सम्भाव्यतालाई विश्लेषण गर्दै यस भागमा प्रगतिवादी कविताका मान्यताहरू बुँदागत निष्कर्षमा प्रस्तुत गरिएको छ।

**निष्कर्ष**

समग्रमा प्रगतिवाद र कविता (२०५६) कृतिमा कवितालाई विश्लेषण गर्ने प्रगतिवादी मान्यताको पृष्ठभूमि, विकास, चिन्तन परम्परा र विधागत विशिष्टतासम्मबाट केही थप प्रवृत्तिसमेतको प्रस्तुतीकरण भएकाले यो निकै महत्त्वपूर्ण अध्ययन सामग्री बनेको छ। मार्क्सवादी सिद्धान्तका अनुयायी एक कुशल प्राध्यापक डा. ताराकान्त पाण्डेयले अनुसन्धान र ज्ञानको गरिमामय सर्वोच्चताबाट आर्जन गरेको अनुशासित र निर्वच्छिन्न परम्पराको प्रतिबिम्ब उहाँको यस प्रारम्भकालीन सैद्धान्तिक समालोचना कृतिमा सघन रूपमा प्रकट भएको छ। उहाँको यस अध्ययनको मूल निष्कर्षमा प्रगतिवादको मर्म र साहित्यिक सिद्धान्तका रूपमा यसको विशिष्टताको सूक्ष्म र बोधगम्य विश्लेषणले यो कृतिको मूल्य उच्च रहेको छ। अर्कोतिर आफ्नो अनुसन्धानको मुख्य क्षेत्र कवितालाई रोजी त्यसको वैज्ञानिक पद्धतिमा विश्लेषण गर्ने आधारका रूपमा प्रगतिवादका कविता विश्लेषणका विश्वसनीय आधारहरू निर्माण गरिएकाले प्रगतिवादी साहित्यको रचना र विश्लेषण गर्ने रचयिता र अध्येता दुवैका निम्ति यो मानक कृति बनेको छ।

*'ताराकान्त'* **बाट**

# असुरक्षा बढेको भन्दै सिरहाका उद्योगी–व्यवसायीबाट चिन्ता व्यक्त

**काठमाडौं ।** सिरहाका उद्योगी-व्यवसायीले बारम्बार हुने आन्दोलन, कमजोर बजार अवस्था र प्रशासनिक झन्झटका कारण आफूहरूलाई चिन्तित बनाएको बताएका छन् । जिल्ला उद्योग वाणिज्य संघ सिरहा, लहानले आयोजना गरेको स्वागत, सम्मान तथा अन्तरक्रिया कार्यक्रममा उद्योगी-व्यवसायीहरूले समस्या समाधानका लागि सरोकार भएकाहरूको ध्यानाकर्षण गराएका हुन् ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलसहित चारै सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा भएको कार्यक्रममा संघका अध्यक्ष विकास सारडाले निजी क्षेत्रको मनोबल उठाउने वातावरण निर्माण गर्न राज्य गम्भीर हुनुपर्नेमा जोड दिए । 'कोभिड-१९ महामारी, आर्थिक मन्दी, 'जेन-जी' प्रदर्शन र वर्षालगायत विपत्तिले पुऱ्याएको क्षतिका घटनाले निजी क्षेत्र समस्यामा छ । ऋण गरेर लगानी गर्ने, तर रोजगारी सिर्जना गर्ने निजी क्षेत्रमाथि आक्रमण गर्ने कामले देशको आर्थिक भविष्य नै जोखिममा पारेको छ' उनले भने । बैंकको कडा कर्जा नीति, बजार चलायमान नहुनु र सीमापारि नेपाली ग्राहकको आकर्षण बढ्नु आन्तरिक बजारका लागि चुनौतीका रूपमा रहेको उनले बताए । संघका निवर्तमान अध्यक्ष सुरज, होटल तथा पर्यटन व्यवसायी संघ सिरहाका अध्यक्ष रामकुमार गुप्ताले आफ्ना गुनासा राखेका थिए ।

लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले व्यापारीमाथि परेको समस्या समाधान गर्न आफूहरूले गर्नुपर्ने सहजीकरणका लागि तयार रहेको बताए । सबै पक्ष मिलेर सामूहिक भावनासहित अघि बढे मात्र समस्याको दीर्घकालीन समाधान सम्भव हुने उनको भनाइ थियो । प्रमुख जिल्ला अधिकारी पौडेलले अर्थतन्त्र सुदृढीकरणमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण भएको धारणा व्यक्त गर्दै सुरक्षित र स्थिर वातावरण निर्माण गर्न प्रशासन प्रतिबद्ध रहेको बताए । शान्तिसुरक्षा राज्य मात्र नभई नागरिक समाज र समुदायको समेत जिम्मेवारी भएकाले सहकार्यको माध्यमबाट समस्या समाधान गर्न लाग्नुपर्ने प्रजिअ पौडेलको धारणा थियो ।

राजमार्ग क्षेत्रमा रात्रिकालीन होटल व्यवसाय २४ घण्टा सञ्चालन गर्न अनुमति दिइने, अन्य व्यवसाय राति ९ बजेसम्म सञ्चालन गर्न सकिने धारणा राख्दै प्रजिअ पौडेलले ब्लकको जग्गा फुकुवासम्बन्धी प्रक्रिया द्रूत गतिमा अघि बढाइएको जानकारी दिए । खुला सीमाबाट लुकीछिपी सामान भित्र्याई व्यवसाय नगर्न समेत उनले व्यवसायीलाई आग्रह गरे ।

# शान्ति सुरक्षाप्रति गम्भीर बन्न आयोगको आग्रह

**काठमाडौं ।** राष्ट्रिय मानव अधिकार आयोगले देशको शान्ति सुरक्षाका सवालमा असर पार्ने प्रकारका अभिव्यक्ति तथा गतिविधि नगर्न सरोकारवाला पक्षलाई आग्रह गरेको छ। आयोगले एक प्रेस विज्ञप्ति जारी गर्दै सरकार, राजनीतिक दल, अभियन्ता र आमनागरिकलाई त्यस्तो आग्रह गरेको हो ।

मंगलबार आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जारी गरेको प्रेस विज्ञप्तिमा अभिव्यक्ति स्वतन्त्रता र शान्ति सुरक्षाको सवालमा गम्भीर बन्न सम्बन्धीत सबैलाई आग्रह गरिएको छ । 'कोही कसैलाई पनि विचार र अभिव्यक्तिको कारणले मात्र पक्राउ गर्ने कार्यबाट मानव अधिकारको सम्मान र संरक्षण नहुने भएकाले त्यसतर्फ गम्भीर हुन आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ' विज्ञप्तिमा उल्लेख गरिएको छ 'देशको शान्ति सुरक्षामा असरपर्ने खालका अभिव्यक्ति र गतिविधि नगर्न आयोग राजनीतिक दल, अभियन्ता र आमनागरिकलाई आग्रह गर्दछ ।'

राष्ट्रिय मान अधिकार आयोगले अभियन्ता दुर्गा प्रसाईँलाई पक्राउ गरिएको घटनाको सम्बन्धमा मंगलबार अनुगमन गरेको थियो । आयोगको टोलीले जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौं पुगी दुर्गा प्रसाइँ र सम्बन्धित प्रहरी अधिकारीहरूसँग भेट गरी जानकारी लिएको जानकारी दिइएको छ ।

आयोगले प्रसाइँलाई आज राति १२:३० बजे निजको निवास सानो ठिमी, भक्तपुरबाट पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा राखिएको, प्रहरी प्रतिवेदनअनुसार सार्वजनिक शान्तिसुरक्षा विरुद्धको अनुसन्धानका लागि पक्राउ गरिएको भनी निजलाई पक्राउ तथा थुनुवा पूर्जी दिइएको र निजको स्वास्थ्य अवस्था सामान्य रहेको आयोगलाई जानकारी प्राप्त भएको उल्लेख गरेको छ ।

# लोकतन्त्रका लागि मताधिकारको सदुपयोग गर्न आग्रह

**काठमाडौं ।** गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचन लोकतन्त्रको आधारशीला भएकाले मत हाल्ने अवसर उपयोग गर्नुपर्नेमा जोड दिएका छन् । मंगलबार सचिवालयबाट भिडियो सन्देशमा मन्त्री अर्यालले सरकारले कानुनी राज्यविहीनताबाट देशलाई सम्हाल्दै सुशासन कायम गरी फागुन २१ मा निर्वाचन गर्ने म्यान्डेट प्राप्त भएको उल्लेख गर्दै मताधिकार सुनिश्चित गर्नका लागि मतदाता नामावलीमा नाम दर्ता गराउन अनुरोध गरेका हुन् ।

'निर्वाचन लोकतन्त्रको आधारशीला हो । वर्तमान सरकार कानुनी राज्यविहीनताबाट देशलाई सम्हाल्दै सुशासन कायम गरी तोकिएको समयमा निर्वाचन गर्ने म्यान्डेट रहेको छ' उनको भनाइ थियो 'यसैले सबैको मताधिकार सुनिश्चित गराउने मुख्य आधार भनेको मतदाता नामामवलीमा नाम दर्ता गराउने भएकाले नाम दर्ता गराउन अनुरोध छ ।'

राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा अनलाइन प्रणालीबाट र अन्य सबैले निर्वाचन आयोगको कार्यालयबाट मतदाता नामावलीमा नाम दर्ता गराउन सक्ने समेत उनको सन्देशमा जानकारी दिइएको छ । नाम दर्ता गराउने समय सकिएपछि यस अवसरबाट कोही नछुट्न नहुने भन्दै उनले सार्वजनिक अनुरोध गरेका छन् ।

# प्रधानमन्त्रीले भेटिन् प्रदर्शनमा दुवै आँखा गुमाएका बोहरा

**काठमाडौं ।** प्रधानमन्त्री सुशीला कार्कीले 'जेन-जी' प्रदर्शनका क्रममा दुवै आँखा गुमाएका सुर्खेत वीरेन्द्रनगर-२ भुरेलीका सन्तोष बोहरालाई भेटेर उनको स्वास्थ्य अवस्थाबारे जानकारी लिएकी छन् ।

मंगलबार त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज पुगेर उनले बोहराको स्वास्थ्य अवस्थाबारे जानकारी लिएकी हुन् । बोहराको उपचारमा भइरहेको प्रगतिबारे चिकित्सकसँग जानकारी लिएकी प्रधानमन्त्री कार्कीले बोहरा परिवारसँग भेट गरी आवश्यक सहयोगका विषयमा छलफल गरेको उनको सचिवालयले जनाएको छ । सुर्खेतमा गत भदौ २४ गते भएको घटनामा गोली लागेर बोहराले दुवै आँखा गुमाएका थिए ।

प्रधानमन्त्री कार्कीसँग घाइतेका बुबा चन्द्रबहादुर बोहोराले घटनाका दोषीमाथि कडा कारबाही गर्न माग गरेका थिए । उनले छोरा एवं आश्रित परिवारको भविष्य अनिश्चित भएको भन्दै श्रीमती, चार वर्षीया छोरी तथा बुबाआमाको जीविकोपार्जनमा ठूलो कठिनाइ हुनेभन्दै ध्यानाकर्षण गराएका थिए ।

'तपाईंलाई धेरै दुःख परेको छ भन्ने म बुझ्छु । हामी पनि आमाबाबु हौं । उपचारका लागि सम्भव जति सबै उपाय प्रयोग गर्छौं' परिवारसँग भएको छलफलमा प्रधानमन्त्री कार्कीले सरकारले उपचार तथा आवश्यक सहयोग गर्ने आश्वासन दिँदै थपिन् 'बच्चाको पढाइ र श्रीमतीको रोजगारीका विषयमा पनि पहल गर्छौं ।'

# 'प्रतिनिधिसभा पुनर्स्थापना गरी लोकतन्त्रलाई सही दिशा दिनुपर्छ'

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) महासचिव शंकर पोखरेलले प्रतिनिधिसभा पुनर्स्थापना गरी लोकतन्त्रलाई सही दिशामा अगाडि बढाउन सकिने धारणा व्यक्त गरेका छन् ।

ललितपुरको च्यासलस्थित केन्द्रीय कार्यालयमा मंगलबार एमालेको विघटित संसदीय दलको बैठकलाई सम्बोधन गर्दै महासचिव पोखरेलले विगतमा सर्वोच्च अदालतले गरेका फैसला र नजिरले पनि संसद पुनर्स्थापना आवश्यक देखिएको बताएका हुन् ।

भदौ २३ र २४ को 'जेन-जी' प्रदर्शनका क्रममा षड्यन्त्रपूर्वक भएका घटनाको निष्पक्ष छानबिन हुनुपर्नेमा जोड दिँदै उनले घटनाको निष्पक्ष र स्वतन्त्र छानबिन आयोग गठनको मागमा अडिग रहेको महासचिव पोखरेलले बताए । बैठकले प्रतिनिधिसभाको पुर्नस्थापनाको लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्ने निर्णय गरेको थियो । एमालेले निरन्तर रूपमा प्रतिनिधिसभा पुर्नस्थापना हुनुपर्ने अडान दोहोऱ्याउँदै आएको छ ।

# डिम्ब तस्करी प्रकरणमा मुद्दा नचलाउने निर्णयविरुद्ध रिट

**काठमाडौं ।** डिम्ब तस्करी प्रकरणमा 'होप फर्टिलिटी सेन्टर'का सञ्चालकलाई मुद्धा नचलाउने निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन पेस भएको छ। कानुनका विद्यार्थीद्वय उपेन्द्र राउत र आयुष मिश्रले पेस गरेको त्यसविरुद्धको रिट निवेदनमा उक्त विषयमा मुद्धा नचलाउने महान्यायाधिवक्ता कार्यालयको निर्णय बदर माग गरिएको हो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाका अनुसार सो विषयमा रिट निवेदन पेस भएको र यसबारे अध्ययन भइरहेको छ। दर्ता गर्ने वा नगर्ने विषयमा सोमबार निर्णय हुने प्रवक्ता कोइरालाले बताए । यसअघि सर्वोच्च अदालतले डिम्ब निष्कासन तथा भण्डारण रोक्न सरकारका नाममा आदेश दिएको थियो ।

# प्रदेशसभा सदस्यलाई पदमुक्त नगर्न सर्वोच्चको आदेश

**काठमाडौं ।** मधेश प्रदेशका पाँच प्रदेशसभा सदस्यलाई पदमुक्त नगर्न सर्वोच्च अदालतले आदेश दिएको छ। सभामुख रामचन्द्र मण्डलले गत कात्तिक २७ गते जनता समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टीको पाँच प्रदेशसभा सदस्यहरूलाई पदमुक्त गरेका थिए ।

सर्वोच्चका न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले मधेस प्रदेशसभाका सभामुख मण्डललाई ती पाँच जना प्रदेशसभा सदस्यलाई तत्काल पदमुक्त नगर्न आदेश दिएको हो । जनता समाजवादी पार्टी नेपालका प्रदेशसभा सदस्यहरू मनिषकुमार सुमन, सञ्जयकुमार यादव, सिंहासन साह कलवार र शारदा शंकर साह कलबनर र नागरिक उन्मुक्ति पार्टीकी उर्मिला सिंहलाई प्रदेशसभाको बैठकमा लगातार १० दिन अनुपस्थित रहेको भन्दै पदमुक्त गरिएको थियो ।

सभामुखको निर्णयविरुद्ध पदमुक्त भएका प्रदेशसभाका सदस्यहरूले सर्वोच्चमा अदालतमा रिट दायर गरेका थिए । दस दिनसम्म प्रदेशसभा बैठकमा लगातार १० दिनसम्म अनुपस्थित भएपछि जसपा नेपालका नाउपाका उनीहरूलाई पदमुक्त गरिएको थियो ।

# एमाले चुनावबाट भाग्दैन : महासचिव पोखरेल

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) महासचिव शंकर पोखरेलले एमाले कहिल्यै चुनावबाट नभाग्ने ठोकुवा गरेका छन् । उनले आफ्नो पार्टी सबैभन्दा बढी जनताको 'म्यान्डेट' मा विश्वास गर्ने दल भएको दाबी गरेका हुन् ।

लुम्बिनी प्रदेशस्थित रूपन्देहीको बुटवलमा प्रेस चौतारी नेपालद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव पोखरेलले आगामी फागुन २१ का लागि घोषित निर्वाचन गराउन सरकारको काम र क्रियाकलाप चुनाव केन्द्रित हुनुपर्नेमा त्यस्तो नदेखिएको बताए । देशले सामना गरिरहेको राजनीतिक संकट समाधानको सबैभन्दा उचित उपाय संसद पुनर्स्थापना भएको उनको जिकिर थियो । महासचिव पोखरेलले निर्वाचनका लागि सरकारले राजनीतिक दलसँग पर्याप्त छलफल र संवाद गरेर राजनीतिक सहमतिको 'म्यान्डेट' सहित संविधान अनुकूल वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए । 'चुनावमा महत्त्वपूर्ण भूमिका भएको प्रहरीको हतियार खोसिएका छन् । फरार कैदीबन्दी र लुटिएका हतियारका कारण समाज त्रसित छ, जसले गर्दा प्रहरी र नागरिकको मनोबल कमजोर छ' उनको भनाइ थियो 'प्रहरी र नागरिक डरको मनोविज्ञानबाट बाहिर ननिस्कदासम्म चुनाव सम्भव कसरी हुन्छ ?'

देशलाई संवैधानिक बाटोमा हिँडाउनको लागि प्रतिनिधिसभा पुनर्स्थापना, संविधान संशोधन गरेर युवाका माग सम्बोधन गरी 'अर्ली' चुनावमा जान सकिने महासचिव पोखरेलको धारणा थियो । भदौ २३-२४ का घटनालाई नियोजित षडयन्त्रको उपज भएको भन्दै उनले त्यसको तथ्यगत छानबिन हुनुपर्नेमा जोड दिए ।

विचारका आधारमा मुलुक ध्रुवीकृत नहुँदासम्म देशमा अस्थिरता रहिरहने चर्चा गर्दै महासचिव पोखरेलले आगामी महाधिवेशनले सहमतिकै आधारमा सक्षम नेतृत्व चयन गर्ने समेत बताए । 'पार्टीका नीति र विचारका विषयमा दोस्रो विधान अधिवेशनले टुंगो लगाइसकेको छ । 'जेन-जी' प्रदर्शनका विषयमा पनि केन्द्रीय समितिमा पर्याप्त छलफल भएर पार्टीले धारणा सार्वजनिक गरिसकेको छ । अब आगामी महाधिवेशनले सहमतिमै सर्वसम्मत नेतृत्व चयन गर्नेछ' उनको भनाइ थियो ।

# प्रहरीको हतियार खोस्ने प्रयास गरेका विश्वकर्मा नियन्त्रणमा

**काठमाडौं ।** संखुवासभाको सदरमुकाम खाँदबारीमा खुकुरी देखाएर प्रहरीको हतियार खोस्न खोज्ने एक व्यक्तिलाई गोली प्रहार गरी नियन्त्रणमा लिएको छ ।

सादा पोसाकमा खटिएका प्रहरीमाथि आक्रमण गर्ने खाँदबारी-६ का ३१ वर्षीय रुद्रबहादुर विश्वकर्मालाई प्रहरीले नियन्त्रणमा लिन गोली प्रहार गर्नु परेको प्रहरीले जानकारी दिएका हुन् । प्रहरीले खाँदबारी नगरपालिका-१ बसपार्क क्षेत्रबाट पक्राउ गर्न खोज्दा सादा पोसाकमा खटिएका प्रहरीमाथि आक्रमण गरेका थिए । त्यसपछि प्रहरीले उनको तिघ्रामा गोली प्रहार गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिए ।

जबर्जस्ती करणी मुद्धामा ६ वर्षको कैद सजाय काटेर हालै मात्र कारागारमुक्त भएका विश्वकर्माविरुद्ध फेरि ६-७ वटा चोरीसम्बन्धी उजुरी परेपछि प्रहरीले पक्राउ गर्न खोज्दा प्रहरीमाथि हातपात गर्दै हतियार खोस्ने प्रयास गरेका थिए । परिस्थिति नियन्त्रणबाहिर गएपछि सुरक्षाकर्मीले आत्मरक्षार्थ गोली प्रहार गर्नुपरेको डिएसपी मैनालीले जानकारी दिए। गोली लागेर घाइते भएका अभियुक्त विश्वकर्माको खाँदबारीस्थित जिल्ला अस्पतालमा उपचार भइरहेको जानकारी दिँदै प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

# जनकपुरधाममा सीताराम विवाहपञ्चमी महोत्सव सुरु

**काठमाडौं ।** बिहीबारदेखि धार्मिक तथा ऐतिहासिक महोत्सव बोकेको जनकपुरधाममा साताव्यापी सीताराम विवाह पञ्चमी महोत्सव सुरु भएको छ। जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोसन दासका अनुसार महोत्सवको तयारी पूरा भएको जानकारी दिएका हुन् ।

सीताराम विवाह महोत्सवका लागि विगतजस्तै यस वर्ष पनि जानकी मन्दिरलाई सिंगारेर झक्किझकाउ पारिएको उनले बताए । जानकी मन्दिरको सरसफाइ, पण्डाल निर्माण, झिलिमिली बत्ती, मञ्च तयारीदेखि सांस्कृतिक कार्यक्रमका संरचनासम्म विवाह मण्डपझैं सिंगारिएको मन्दिर व्यवस्थापन समितिले जानकारी दिएको छ। साताव्यापी सीताराम विवाह पञ्चमी महोत्सवको सुरु भएसँगै समितिले सुरक्षा व्यवस्थालाई समेत कडा बनाइएको बताएको छ। सीताराम विवाह पञ्चमी महोत्सवअन्तर्गत बिहीबार जनकपुरधाम नगरदर्शन, शुक्रबार फुलवारी लिला, शनिबार धुनषा यज्ञ, आइतबार तिलकोत्सव, सोमबार मटकोर, मंगलबार स्वयम्बर तथा शुभ विवाह र बुधबार रामकलेवा संस्कार गरी समापन हुने कार्यक्रम तालिका समेत जानकी मन्दिर व्यवस्थापनले सार्वजनिक गरेको छ ।

मुलुकभरका सातै प्रदेशसहित भारतको बिहार, उतरप्रदेश, राजस्थानका हिन्दु धर्मालम्बीहरू दर्शनका लागि जनकपुरधाममा जम्मा हुने महन्त दासले जनाकारी दिए। धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले विवाह पञ्चमी महोत्सवमा कुनै अप्रिय घटना हुन नदिन र शान्ति सुरक्षा प्रभावकारी बनाउन जनकपुरधाममा नेपाल प्रहरी र शास्त्र प्रहरीका एक हजार ७ सय ५० सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिए । त्रेतायुगमा मार्गशीर्ष शुक्ल पञ्चमीका दिन सीता र रामको विवाह भएको सम्झनामा प्रत्येक वर्ष साताव्यापी विवाह पञ्चमीका अवसरमा देशभर राम-सीताको पूजा आराधना गरी मनाउने गरिएको छ। मिथिलाको प्राचीन राजधानी जनकपुरधाममा अहिले पनि भगवान सीता र रामको विवाह महोत्सव विधिपूर्वक हुँदै आएको छ।गोस्वामी तुलसीदासले रामायणमा वर्णन गरेअनुसार जनकनन्दनी सीताको विवाह भएको दिनलाई सम्झना गर्दै मनाइने साताव्यापी विवाह पञ्चमीमा पौराणिक मान्यताअनुसार राम मन्दिरबाट बाजागाजा र झाँकीसहित भगवान रामको प्रतिमालाई विशेष रूपमा निर्मित डोला सिंहासनमा राखी जनकपुरधामस्थित रंगभूमिमा ल्याइन्छ भने जानकी मन्दिरबाट पनि सीतालाई विशेष सुसज्जित डोलामा राखी रंगभूमिमा पुर्‍याइ स्वयंवरविधि सम्पन्न भएपछि सीता र रामलाई जानकी मन्दिरमा ल्याइन्छ र त्यसपछि मिथिला संस्कृतिअनुसार विवाह सम्पन्न हुन्छ। सो अवसरमा निस्केको भगवानको डोला शोभायात्रामा सीमावर्ती भारतीय क्षेत्रसहित राज्यका विभिन्न स्थानका श्रद्धालु भक्तजन समेत सहभागी हुने गर्ने प्रचलन रहेको छ ।

पौराणिक कथनअनुसार, मिथिलाका राजा जनकले आफ्नी छोरी सीताको स्वयंवरका लागि राखिएको शिव धुनषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीन टुक्रा पारेपछि मार्गशीर्ष शुक्ल पञ्चमीका दिन राम र सीताको विवाह सम्पन्न भएको थियो । रंगभूमिमा आयोजना हुने स्वयंवरमा सम्पूर्ण देवी-देवताको अदृश्य रूपमा उपस्थिति रहने विश्वासका साथ सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासीहरू हर्षोल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि विवाहसम्म सहभागी हुने गरेका छन् । रंगभूमि मैदानमा वर र वधुपक्षबीच हुने गरेको हाँसो, ठट्टा तथा प्रतिकात्मक झाँकी र लाखौं संख्यामा सम्मिलित भक्तजनको उत्साहले वास्तविक विवाहकै झल्को दिने गर्दछ । विवाह पञ्चमीका अवसरमा श्रद्धालु भक्तजन बिहानैदेखि पवित्र सरोवर र नदीमा स्नान गरी पूजाअर्चना गर्दा मनोवाञ्छित फल र मोक्ष प्राप्त हुने जनविश्वास रहँदै आएको छ ।

# सरकारलाई चेम्बरका ३३ सुझाव

**काठमाडौं ।** नेपाल चेम्बर अफ कमर्सले नीतिगत स्थायित्व, सुशासन, सुरक्षाको प्रत्याभूति, लगानीमैत्री वातावरण स्थापनालगायतका मागसहित अर्थमन्त्रीसमक्ष ३३ बुँदे सुझाव पेस गरेको छ। चेम्बरले एक कार्यक्रमबीच अर्थमन्त्री रामेश्वरप्रसाद खनालसमक्ष आफ्नो मागपत्र पेस गरेको हो ।

भदौ २३ र २४ को 'जेन-जी' प्रदर्शनका क्रममा भएको मानवीय क्षतिलाई चेम्बरले 'ऐतिहासिक त्रासदी'का रूपमा चित्रण गर्दै प्रदर्शनपछि उत्पन्न सामाजिक-राजनीतिक तनावले उद्योग, व्यवसाय र सम्पूर्ण अर्थतन्त्रमा गम्भीर नकारात्मक असर परेको जनाएको छ। चेम्बरको 'जेन-जी' प्रदर्शनका क्रममा व्यवसायिक प्रतिष्ठान, उद्योग र निजी सम्पत्तिमाथि भएका आक्रमण, तोडफोड, लुटपाट र आगजनीका कारण उद्यमीको मनोबल धर्मरिएको, लगानीको वातावरण गम्भीर रूपमा प्रभावित भएको र अर्थतन्त्रको पुनर्स्थापना अझ कठिन बन्दै गएको ठम्याइ छ। नेपालमा रोजगार सिर्जनामा सरकार असफल रहेको आरोप दोहोर्‍याउँदै चेम्बरले प्रतिदिन २८०० भन्दा बढी युवा विदेसिनुपर्ने बाध्यतालाई राष्ट्रकै विकास क्षमतामाथिको आघातका रूपमा व्याख्या गरेको छ। सुशासन, भ्रष्टाचार नियन्त्रण र रोजगार सिर्जना गरिनुपर्ने जेनजी पुस्ताका मागहरू नै आर्थिक समृद्धिको पहिलो आधार बन्न सक्ने पनि चेम्बरले उल्लेख गरेको छ। चेम्बरले निजी क्षेत्रका लागि अहिलेको प्रमुख माग 'सुरक्षाको विश्वसनीय प्रत्याभूति' रहेको जनाएको छ। अन्तर्राष्ट्रिय लगानीकर्ताजस्तै स्वदेशी लगानीकर्तालाई पनि समान सुरक्षाको ग्यारेन्टी दिन राज्य सक्षम हुनुपर्नेमा चेम्बरको जोड छ।

सबै भन्सार कार्यालयमा अनलाइन प्रणाली तत्काल लागू गरिनुपर्ने, भारतमा हालै गरिएको 'जिएसटी' दर कटौतीपछि नेपालले पनि भन्सार दर अधिकतम २५ प्रतिशतमा सीमित गर्नुपर्ने र मूल्य अभिवृद्धि कर दुई दर वा बहुदरका रूपमा पुनर्संरचना गर्नुपर्ने सुझाव पनि चेम्बरले राखेको छ। अन्तःशुल्कमा अस्पष्टता, भूतप्रभावी आधारमा कर निर्धारण जस्ता कारण थुप्रै उद्योग बन्द हुने अवस्थामा पुगेका जनाइएको छ । आयकर ऐन, २०५८ हालको डिजिटल, फिनटेक-आधारित अर्थतन्त्रसँग विसंगत भएको भन्दै ऐनलाई पूर्ण पुनर्लेखन गर्नुपर्ने माग पनि चेम्बरले उठाएको छ। विमा क्षेत्रका बोनस र दाबीलाई खर्च कट्टी नगर्ने प्रावधान र ट्रान्सफर प्राइसिङका विवादले उद्योगीलाई अनावश्यक कानुनी जटिलतामा पारेको पनि चेम्बरको भनाइ छ । चेम्बरले सहकारी क्षेत्रमा देखिएको गम्भीर संकटका कारण देशभरका लाखौं साना उद्यमी र सर्वसाधारणले आफ्नो बचत झिक्न नसकेको परिस्थितिलाई ध्यानमा राखेर सरकारले तत्काल उपयुक्त निर्णय लिनुपर्ने तथा 'रियल-स्टेट स्टेबलाइजेसन फन्ड' तत्काल स्थापना गर्नुपर्ने सुझाव दिइएको छ । कालोसूचीमा परेका उद्योगी तथा व्यवसायीहरूका लागि उनीहरूको उद्योग-व्यवसायको प्रकृति हेरी कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्नुपर्ने माग गरेको छ ।चेम्बरले चालु पुँजी कर्जा निर्देशिका खारेज, कर निर्धारणमा राजनीतिक दबाब अन्त्यलगायतका माग गर्दै अर्थमन्त्रीसमक्ष राखेको छ। सरकारले यसअघि उपलब्ध गराउँदै आएको नगद निर्यात अनुदान रोकिएको र स्वीकृत भइसकेका फाइलहरू समेत अड्किएको भन्दै चेम्बरले समृद्ध निर्यात बजारका लागि अनुदान पुनः जारी गर्न तथा आवश्यकताअनुसार 'ट्रेजरी बिल' जारी गरेर भुक्तानी सुनिश्चित गर्न सुझाएको छ।



## कांग्रेसमा चर्कंदै...

सिर्जना हुने संकेत देखिएको छ। विवाद मिलाउन देउवाले उनकै पक्षका कार्यवाहक सभापति पूर्णबहादुर खड्का, प्रवक्ता प्रकाशशरण महत, एनपी साउद, ज्ञानेन्द्र कार्कीलगायतका नेताहरूलाई बोलाएर छलफल गरेका छन् ।

कार्यवाहक सभापति खड्काले महामन्त्रीहरू गगन थापा र विश्वप्रकाश शर्मासहित पदाधिकारी र पूर्वपदाधिकारीहरूसँग छलफल गरे भने महामन्त्री शर्माले सभापति देउवासँग भेटेर आगामी फागुन २१ गते हुने चुनावअघि पार्टीको १५औं महाधिवेशन नभए महामन्त्री पदबाट राजीनामा दिने जानकारी गराइसकेका छन् । उता अर्का महामन्त्री थापा भने विशेष महाधिवेशनको तयारीमा जुटेका छन् ।

यतिबेला कांग्रेस पुस्तान्तरण गर्ने कि पार्टीलाई पुरानै नेताको जिम्मा लगाउने भन्ने निर्णायक कहलबाट गुज्रिरहेको छ। महामन्त्रीद्वय थापा र शर्मालगायतको नेतृत्वमा जानका लागि विशेष महाधिवेशन गर्नुपर्ने अवस्था छ भने महाधिवेशन धकेल्ने वा टार्ने गरिएमा पुरानै पुस्ताका नेताहरू हावी हुने सम्भावना छ। यही जटिलताको बीच कांग्रेस केन्द्रीय समिति बैठक एक महिनादेखि लम्बिएको छ तर निचोड आएको छैन। महामन्त्रीद्वय थापा र शर्माले विशेष महाधिवेशनका लागि बुझाइएका हस्ताक्षर थाती राखेर पुस मसान्तमा पार्टीको १५औं नियमित महाधिवेशन गर्ने नयाँ प्रस्ताव अस्वीकार गरेका छन् ।

संस्थापन पक्षले गत कात्तिक १९ गतेको केन्द्रीय समिति बैठकमा महामन्त्री थापाले पेस गरेको पुस १६ देखि १९ गतेसम्मको तालिकालाई केही परिमार्जन गर्ने दोस्रो विकल्प पनि प्रस्तुत गरेको थियो । त्यो पनि उनीहरूले अस्वीकार गरे ।कार्यवाहक सभापति खड्कासँग बुधबार दिउँसो भएको छलफलमा महामन्त्रीद्वय थापा र शर्माले नियमित महाधिवेशन हुन नसक्ने भन्दै २ हजार ४ सय ८८ महाधिवेशन प्रतिनिधिको माग बमोजिम विशेष महाधिवेशनको निर्णय लिनुपर्ने बताएका थिए ।

महामन्त्रीद्वय थापा र शर्माले आफूहरूले विशेष महाधिवेशनका लागि बुझाइएका हस्ताक्षर थाँती राखेर सभापति देउवाको पुस मसान्तमा पार्टीको १५ औं नियमित महाधिवेशन गर्ने प्रस्ताव अस्वीकार गरेका छन् । सभापति देउवाले कोषाध्यक्ष उमेश श्रेष्ठ र केन्द्रीय सदस्य अनिल रुँगटामार्फत पुस मसान्तसम्ममा नियमित महाधिवेशन गर्नेगरी सहमतिको कार्यतालिका केन्द्रीय समितिमा पेस गर्ने प्रस्ताव महामन्त्रीलाई पठाएको थिए ।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले सहमतिका लागि समय अभाव देखिएकाले बैठक सारिएको दावी गरे । उता महामन्त्रीहरूले पक्षले भने महाधिवेशन नगराउने नियतवश विभिन्न सर्त राखेर कार्यतालिका ल्याउने प्रस्ताव गरेको आरोप लगाउँदै आएका छन् । महामन्त्री थापानिकट केन्द्रीय सदस्य प्रकाश स्नेही रसाइलीले पुस मसान्तसम्म नियमित महाधिवेशन गर्ने प्रस्ताव स्वीकार गरिने तर त्यो मितिमा नियमित महाधिवेशन भएन भने विशेष गर्नुपर्ने आफूहरूको धारणा रहेको जानकारी दिए ।

पाँच वर्षअघि ०७८ मंसिरमा कांग्रेसको १४ औं महाधिवेशनबाट निर्वाचित देउवा नेतृत्वको कार्यसमितिको कार्यकाल यही मंसिर मसान्तभित्र सकिँदैछ भने १५ औं महाधिवेशनको मिति तय गर्ने विवाद चर्कंदै जाँदा चार पटकसम्म सूचना टाँस गरेर केन्द्रीय कार्यसमिति बैठक स्थगित भइसकेको छ ।

एक सातासम्म भएको प्रयासले समाधान निकाल्न नसकेपछि बिहीबार दिउँसो दुई बजेका लागि बोलाइएको बैठक शनिबारसम्म सारिएको छ ।

## सचिवालय बैठकमा...

पाठ सिक्ने गरी स्वस्थ प्रतिस्पर्धाका लागि ध्यानाकर्षण गराएको जिकिर गरे । 'बैठकमा कसैले पनि उम्मेदवारी घोषणा वा आफू बन्ने ढंगले कुरा गर्नुभएन । कुरा गरिहालेमा पनि स्वाभाविक रूपमै लिन्छौं' उनको जिकिर थियो 'अध्यक्षले बैठकमा थप एउटा कुरा भन्नुभो- अहिलेसम्म विभिन्न महाधिवेशनमा प्रतिस्पर्धा भयो । म मात्र त्यस्तो पात्र रहैं जसले प्रतिस्पर्धामा पराजित भएर पनि पार्टी एकताका लागि निरन्तर योगदान पुऱ्यायो, म पार्टी एकता सुदृढ गर्नेतिर मात्र लागैं । तर, विगतमा प्रतिस्पर्धा गर्ने साथी माधव नेपाल, भीम रावलहरू पार्टीमै रहनुभएन, त्यस्तो स्थिति नबनोस्, स्वस्थ प्रतिस्पर्धा गरौं भन्ने आग्रह गर्नुभो ।'

उनले स्वस्थ प्रतिस्पर्धाले खास फरक नपर्ने धारणा व्यक्त गर्दै आज आन्दोलन र देशको आवश्यकता सहकार्यका साथ एकताबद्ध भएर अगाडि बढ्ने अध्यक्ष ओलीको आग्रह रहेको बताए । 'आम कार्यकर्ता पंक्ति र देशले चाहेको एकता र सर्वसम्मत्ति हो । यति हुँदाहुँदै पनि कसैले प्रतिस्पर्धा गर्छ भने त्यसलाई स्वस्थ प्रतिस्पर्धा गर्न सकिन्छ भन्नेबारे छलफल भएको छ' उपमहासचिव ज्ञवालीको भनाइ थियो । उपाध्यक्ष युवराज ज्ञवालीले पनि अध्यक्ष ओलीले महाधिवेशनलाई एकता र सर्वसम्मतिको महाधिवेशन बनाउने कुरामै जोड दिएको जानकारी दिए ।

यसैगरी सचिव योगेश भट्टराईले पार्टीलाई बलियो बनाउने विषयलाई केन्द्रबिन्दु बनाएर कसैले फरक मत राख्नेबित्तिकै उसलाई शत्रु करार गरेर निषेध गर्ने, किनारा लगाउने प्रवृत्ति हाबी भएको चर्चा गर्दै अध्यक्ष ओलीकै संरक्षणमा त्यस्तो काम हुनु ज्यादै दुःखद भएको बताए । भट्टराईले गत भदौ २३ र २४ को 'जेन-जी' प्रदर्शनपछि देशमा नयाँ घटनाक्रम विकसित भएकाले त्यसको गम्भीर विश्लेषण र आत्मसमीक्षासहित पार्टी अगाडि जानुपर्नेमा जोड दिए ।

'त्यत्रो विध्वंसकारी घटना खाली सोलोडोलो विदेशी षड्यन्त्रका कारण मात्र भयो भनेर कसैले पनि पत्याउँदैन' भन्दै उनले त्यसभित्र सरकारको नेतृत्व गरेको हिसाबले आफ्नो कमजोरी कति हो आत्मसमीक्षा गर्नुपर्नेमा जोड दिए । नेतृत्वले सही निर्णय लिन नसक्दा मधेशमा एमाले एक्लिने अवस्था सिर्जना भएको दुखेसो पोख्दै भट्टराईले तत्काल कमजोरीको समीक्षासहित कोर्स करेक्सनको बाटोमा जानुपर्ने मत व्यक्त गरे । 'संवैधानिक हिसाबले धारा १६८ को उपधारा २ हुँदै ३ को प्रयोग गर्ने प्रक्रिया आफ्नो ठाउँमा ठिकै होला, तर होटेलजस्तो ठाउँमा रातारात शपथ गराउँदा बदनाम मात्र भएन, मधेशको बौद्धिक समुदायले एमालेविरुद्ध नकारात्मक टिप्पणी गर्ने अवस्था बन्यो' भन्दै उनले कसरी हुन्छ एमाले सच्चिएर जानुपर्ने बताए ।

भट्टराईको भनाइलाई समर्थन जनाउँदै महासचिव शंकर पोखरेलले मुख्यमन्त्री सरोज यादवलाई तत्काल राजीनामा दिन निर्देशन दिएर कोर्स करेक्सन गर्नु उपयुक्त हुने बताए ।

यसअघि वरिष्ठ उपाध्यक्ष पोखरेलले पूर्वराष्ट्रपति विद्या भण्डारीलाई सदस्यता नदिएर ठूलो गल्ती भएको र त्यसले पार्टीलाई घाटा पुऱ्याएको धारणा दोहोऱ्याए । 'अध्यक्ष उठ्ने कि नउठ्ने उहाँको विवेकको कुरा थियो होला र उहाँ पार्टी सदस्य मात्र पनि रहन सक्नुहुन्थ्यो । तर, सदस्यता नदिँदा उहाँमाथि अन्याय त भएकै छ, त्यसबाट पार्टीलाई समेत घाटा पुगेको छ' पोखरेलको भनाइ थियो ।

सिमराको घटनालाई विश्लेषण गर्दै एमालेले उक्त घटनाले संसद पुनर्स्थापनाको सान्दर्भिकतालाई बढाएको, सरकार निषेधको बाटोमा हिँडिरहेको निष्कर्ष निकालेको छ। 'राष्ट्रपतिबाट निर्वाचनको कार्यादेश पाएको सरकार निर्वाचनको वातावरण बनाउतिर लागिरहेको छैन, निषेधको बाटोमा हिँडिरहेको छ भन्ने पूर्वनिष्कर्षलाई सिमरा घटना र अरु विभिन्न घटनाले पुष्टि गरेको निष्कर्ष बैठकले निकालेको छ। यो स्थिति बिल्कुल उचित होइन। दलहरूलाई राजनीतिक गतिविधि गर्न निषेध गर्ने, उनीहरूले आयोजना गर्न खोजेको कार्यक्रममा अनुमति नदिने, नेताहरूलाई स्थानहद गर्ने र निर्वाध ढंगले मुलुकका विभिन्न भागमा जान नदिने, राजनीतिक गतिविधि गर्न नदिने क्रियाकलापले सरकार निर्वाचनको बाटोमा होइन, निषेधका सोचहरूलाई अगाडि बढाउन लागेको छ' उपमहासचवि ज्ञवालीको भनाइ थियो 'जसले गर्दा संसद पुनर्स्थापनाको सान्दर्भिकता अझ बढेर गएको बैठकको निष्कर्ष छ ।' वर्तमान अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष पोखरेलबीच नेतृत्वका लागि भिडन्त हुने अवस्थाकैबीच हुन लागेको एमालेको ११ औं महाधिवेशनका लागि संगठन विभाग प्रमुख काशीनाथ अधिकारी र माधव ढुंगेल सचिव रहेको प्रतिनिधि व्यवस्थापन, उपमहासचिव प्रदीप ज्ञवाली र सचिव राजन भट्टराई रहेको जनपरिचालन, छविलाल विक संयोजक र लालबाु पण्डित सचिव रहेको आवास समिति बनाएको छ ।

लेखराज भट्ट संयोजक र भीष्म अधिकारी खाद्य व्यवस्थापन, गोकर्ण विष्ट संयोजक र रचना खड्का सचिव रहेको यातायात व्यवस्थापन, रघुवीर महासेठ संयोजक र महेश बर्तौला सचिव रहेको अतिथि सत्कार, पद्मा अर्याल संयोजक र राजेन्द्र गौतम सचिव रहेको प्रचार, भानुभक्त ढकाल संयोजक र विनोद पाण्डे सचिव रहेको स्वयंसेवक समितिलगायत समित गठन गरेको छ ।

# सिमरा घटनालाई हिंसात्मक नबनाउन प्रचण्डको आग्रह

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले बारामा 'जेन-जी' युवा र एमालेका नेता-कार्यकर्ताबीच भएको झडप र कर्फ्यू आदेशबारे धारणा सार्वजनिक गर्दै हिंसा र उत्तेजनामा जानु लोकतान्त्रिक नहुने बताएका छन् ।

सिमरामा जारी तनाव र हिंसात्मक घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै स्थितिलाई थप हिंसात्मक तथा नियन्त्रण बाहिर जान नदिन प्रचण्डले सबै पक्षसँग उच्च संयमता अपनाउन अनुरोध गरेका हुन् । हिंसा र उत्तेजनामा जानु लोकतान्त्रिक नहुने धारणा व्यक्त गर्दै लोकतन्त्रमा राजनीतिक तथा वैचारिक मतविभिन्नता स्वाभाविक हुन्छ भन्दै उनले त्यसलाई हिंसा वा उत्तेजनामा रूपान्तरण गर्नु लोकतान्त्रिक संस्कृतिक नभएको बताएका छन् ।

'राजनीतिक तथा वाक-स्वतन्त्रताको सम्मान गर्दै राजनीतिक दल र दलका नेताहरूलाई निर्वाध रूपमा हिँड्डुल गर्ने, सभा-सम्मेलन गर्ने वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउँछु' संयोजक दाहालको भनाइ थियो 'घोषित निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष बनाउन कुनै पनि घटनाले नकारात्मक प्रभाव नपारोस्, भन्ने विषयमा समेत सचेत र जिम्मेवार बन्न सबै पक्षसँग आग्रह गर्दछु ।'

संयोजक दाहालले बिहीबार सामाजिक सञ्जाल फेसबुकमार्फत स्थितिलाई थप हिंसात्मक तथा नियन्त्रणबाहिर जान नदिन सबै पक्षलाई उच्च संयमता अपनाउन आग्रह गरेका हुन् । पूर्वप्रधानमन्त्री दाहालले बाराको सिमरामा बुधबारदेखि जारी तनाव र हिंसात्मक घटनाप्रति गम्भीर ध्यानाकर्षण गराउँदै स्थितिलाई थप हिंसात्मक तथा नियन्त्रणबाहिर जान नदिन सबै पक्षसँग सामाजिक सञ्जालमार्फत हार्दिक अनुरोध गरे । 'लोकतन्त्रमा राजतीतिक तथा वैचारिक मतभिन्नता स्वाभाविक हुन्छ तर त्यसलाई हिंसा वा उत्तेजनामा रूपान्तरण गर्नु लोकतान्त्रिक संस्कृति होइन' अध्यक्ष दाहालले भनेका छन् ।

स्थानीय पार्टी समितिहरूलाई परिस्थितिलाई सामान्य बनाउन आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्न समेत उनले निर्देशन दिए ।

# हामीसँग असल कम्युनिस्ट पार्टी छ : विप्लव

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले देशलाई रूपान्तरण गर्ने सामाजिक सञ्जालमार्फत सात बुँदे आधार अघि सारेको छन् । महासचिव चन्दले आइतबार सामाजिक सञ्जालमार्फत आफ्ना सो आधार अघि सारेका हुन् ।

'बेमौसमी दलाल पुँजीवादी दुर्गन्धी हावाहुरीलाई घृणाका साथ दुत्कार्दै, महान कम्युनिस्ट आदर्शको ध्वजा फहराउँदै अगाडि बढौं' भन्दै विप्लवले अगाडि सारेका सात बुँदे योजनाहरू यस्ता छन्- १) हामीसँग असल कम्युनिस्ट पार्टी छ, २) नेपाली विशेषताको समाजवादी लक्ष्य स्पष्ट छ, ३) आफ्नै आधारभूत नयाँ आर्थिक माग छ, ४) विज्ञान-प्रविधिमा आधारित दृष्टिकोण छ, ५) देश र जनताको रक्षा र सेवा गर्ने अठोट छ, ६) समाजलाई नयाँ बाटो देखाउने सी संस्कृति छ र ७) सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध निर्माणको नीति छ ।

आगामी निर्वाचनका लागि आयोगमा दल दर्ता गरी चुनावी कार्यक्रममा होमिएका विप्लव नेतृत्वको नेकपाले जनार्दन शर्मा, घनश्याम भुसाललगायत नेताहरूसँग सहकार्यको घोषणा गरेको छ ।

चिसो मौसममा सुरक्षित रहौं !

चिसो मौसममाः

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खाने कुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिँडडुल (मर्निङ वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

सावधानी अपनाऔं, स्वस्थ रहौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं